# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २५३ | काठमाडौं | सोमबार, २८ पुस २०८२ | Prabhab National Daily | Monday, 12 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# १८ वर्षपछि युद्धको 'इपिसेन्टर' फर्किए दाहाल

## रुकुमपूर्वबाट चुनाव लड्ने घोषणा

■ जेबी योञ्जन



**दाहालको चुनावी क्षेत्र**

- रोल्पा–२ र काठमाडौं–१० (२०६४)
- काठमाडौं–१० र सिरहा–३ (२०७०)
- चितवन–३ (२०७४)
- गोरखा–२ (२०७९)
- रुकुमपूर्व (२०८२)

**काठमाडौं–** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल आफूले नेतृत्व गरेको १० वर्षे जनयुद्धको 'इपिसेन्टर'बाट निर्वाचन लड्ने भएका छन् । त्यो हो- रुकुमपूर्व । माओवादी युद्धको यो अधिक प्रभावितमध्येको एक क्षेत्र हो ।

विगतमा यहाँदेखि जनार्दन शर्मा निर्वाचन लड्थे । उनी २०६४ यता हरेकपटक निर्वाचित पनि भए । गत मंसिरको तेस्रो साता भने तत्कालीन माओवादी छाडेर उनीसमेतले प्रगतिशील लोकतान्त्रिक पार्टी स्थापना गरेका छन् । शर्मा सोही दलबाट निर्वाचन लड्ने तयारीमा छन् । यस्तोबेला दाहालले आफ्नै पूर्वउपमहासचिव शर्मासँग प्रतिस्पर्धा गर्न लागेका हुन् । दाहालले शनिबार रुकुमपूर्व गएर भने, 'यसपालि म रुकुमपूर्वबाट चुनावमा उठ्ने छु ।'

रुकुमपूर्वमा जनार्दनसँग टक्कर गर्ने नेकपाका बलिया नेता छैनन् । त्यसैले नेकपाको रुकुमपूर्वले दाहालको नाम प्रत्यक्ष उम्मेदवारको रूपमा सिफारिस गरेको थियो । हालै त्यहाँदेखि आएको पार्टीको प्रतिनिधिमण्डलले दाहाललाई रुकुमपूर्वबाटै निर्वाचन लड्न दबाब दिएका थिए ।

उनले २०६४ मा रोल्पा–२ बाट निर्वाचन जितेपछि नफर्किएको आरोपको सामना गर्नुपरेको थियो । फेरि उनका लागि निर्वाचन जित्ने क्षेत्र विरलै छन् । कारण, नेकपाको पकड क्षेत्र हरेक निर्वाचनमा गुम्दै गएको छ । यस्तोमा दाहालले रुकुमपूर्वबाटै निर्वाचन लड्ने निर्क्योल गरेका हुन् ।

पूर्वसभामुख ओनसरी घर्तीमगर दाहालको आगामी प्रतिनिधिसभामा अपरिहार्यता हुने भएकाले उनी कम मिहेनतले जित्ने ठाउँबाट उम्मेदवार बन्न खोज्नुलाई स्वाभाविक लिनुपर्ने बताउँछिन् । 'पार्टी संयोजक हुनुहुन्छ, उहाँ अरु उम्मेदवारजस्तो प्रचारमा गाउँ-गाउँ जान पाउनुहुन्न । त्यसो हुँदा कम मिहेनत गर्दा जित्ने क्षेत्र रोज्नुलाई अन्यथा मान्नु हुँदैन,' उनले प्रभावसँग भनिन् ।



उहाँ पार्टी संयोजक हुनुहुन्छ, अरू उम्मेदवारजस्तो प्रचारमा गाउँ-गाउँ जान पाउनुहुन्न । त्यसो हुँदा कम मिहेनत गर्दा जित्ने क्षेत्र रोज्नुलाई अन्यथा मान्नु हुँदैन ।

■ **ओनसरी घर्ती मगर**
नेत्री, नेपाली कम्युनिस्ट पार्टी

दाहालले २०७९ को प्रतिनिधिसभा निर्वाचन गोरखा–२ बाट लडेका थिए । त्यहाँदेखि निर्वाचित भएर उनी प्रधानमन्त्री भए । युद्धका सहयात्री डा. बाबुराम भट्टराईले उनलाई त्यहाँ चुनावी मैदान खाली गरिदिएका थिए, पार्टी एकता गर्ने सर्तमा ।

⏭ क्रमशः पृष्ठ २ मा

नेपाली कांग्रेसको विशेष महाधिवेशन

# गगन–विश्वको शक्ति प्रदर्शनमा देउवाको खोजी

- भृकुटीमण्डपमा भेला भएका कांग्रेसका युवा नेताहरूले गगनलाई भावी नेतृत्वका रूपमा प्रस्तुत गर्दै उनको फोटो भएको झण्डा, टोपी लगाएका थिए
- ५१ प्रतिशत महाधिवेशन प्रतिनिधि पुगेको अवस्थामा बन्दसत्रको हलबाट गगनलाई सभापतिका रूपमा चयन गर्ने तयारी
- देउवालाई दिनभर पर्खेको विशेष महाधिवेशन पक्षधरका नेताहरूले मञ्चमा पुग्नसाथ बन्दसत्रमा भए पनि आइदिन गरे आग्रह

■ प्रभाव संवाददाता







काठमाडौंको भृकुटीमण्डपमा नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आह्वान गरेको विशेष महाधिवेशनको उद्घाटन समारोहमा आइतबार उपस्थित प्रतिनिधि र समर्थकहरूको भीड । उद्घाटनसत्रमा सम्बोधन गर्दै महामन्त्री थापा (बायाँ) र शर्मा । *तस्बिरः रासस*

**काठमाडौं–** महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माको आह्वानमा भएको नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन आइतबार उद्घाटन भएको छ । काठमाडौंको भृकुटीमण्डपमा भएको उद्घाटनमा महामन्त्री थापाको क्रेज उल्लेख्य देखिन्थ्यो ।

संस्थापनपक्षको नीतिविरुद्ध विद्रोहीको रूपमा प्रस्तुत भएका गगनले आफ्नो शक्ति प्रदर्शनका रूपमा विशेष महाधिवेशनलाई लिएको देखिन्छ । भृकुटीमण्डपमा भेला भएका कांग्रेसका युवा नेताहरूले गगनलाई भावी नेतृत्वका रूपमा प्रस्तुत गर्दै उनको फोटो भएको झण्डा, टोपी लगाएका थिए ।

दिउँसो १ बजेबाट सुरु भएको महाधिवेशनको उद्घाटन सत्र साँझ ७ बजेसम्म पनि गगनको भाषण सुन्न नेता कार्यकर्ता धीर भएर उभिएका थिए । गगनले सम्बोधनका क्रममा कांग्रेस दास र लासहरूको पार्टी नभएको बताए । 'कांग्रेस दास र लासको पार्टी होइन, हामी सबै बराबर छौं,' उनले भने, 'कसैले नबोल भनेर नबोल्ने होइन, जसले प्रश्न नसोध भन्छ, उसले जवाफ पनि दिन सक्दैन ।'

गगनले भदौ २३ र २४ मा भएको 'जेन-जी आन्दोलन' केवल नवयुवाको असन्तुष्टिमात्र नभई देशभरका लाखौं नागरिकको आक्रोश सडकमा अभिव्यक्त भएको परिणाम भएको बताए । महामन्त्री थापाले राजतन्त्र अन्त्य गरी ल्याइएको गणतन्त्रमा 'नेपोबेबी' प्रवृत्तिको बर्चस्व देखेर जनता आक्रोशित भएको उल्लेख गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

## २६६२ प्रतिनिधिको नाम दर्ता

नेपाली कांग्रेसको विशेष महाधिवेशनमा पहिलो दिन दुई हजार ६६२ जना प्रतिनिधिले नाम दर्ता गराएको विशेष महाधिवेशन सचिवालयका युवराज पाण्डेले दाबी गरे । आइतबार राति ९ बजेसम्म दुई हजार ६६२ प्रतिनिधिको नामावली दर्ता भएको पाण्डेले विज्ञप्तिमार्फत जनाएका हुन् ।

जसअनुसार कोशी प्रदेशबाट ४२५, मधेस प्रदेशबाट ४४६, बागमतीबाट ४३२, गण्डकीबाट २९६, लुम्बिनीबाट

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# कोरियामा विदेशी कामदारमाथिको निर्भरता बढ्दो

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियामा त्यहाँका नागरिकलाई काममा लगाउन कठिनाइ हुँदा विदेशी कामदारको माग बढेको पाइएको छ । विदेशी कामदार बढी प्रयोग गर्ने घरेलु साना र मझौला एक हजार २२३ वटा कम्पनीमा गरिएको सर्वेक्षणले उक्त पुष्टि गरेको प्रतिवेदन सार्वजनिक भएको हो ।

कोरिया साना तथा मझौला उद्यम संघले आइतबार सार्वजनिक गरेको सर्वेक्षणले ८२.६ प्रतिशत रोजगारदातालाई कोरियाली नागरिक भर्ती गर्न कठिनाइ हुने गरेको देखाएको छ । अध्ययनका अनुसार कोरियाली नागरिकहरूमा घरेलु औद्योगिक कार्यस्थलप्रतिको वितृष्णा बढेको पाइएको छ । जुन सन् २०२३ मा ८९.८, २०२४ मा ९०.२ र २०२५ मा ९२.९ प्रतिशत पुगेको देखिएको छ । यसले साना उत्पादकहरूको विदेशी कामदारमाथिको निर्भरता विस्तार भएको देखिन्छ ।

कम्पनीहरूका अनुसार विदेशी कामदारको श्रम लागत पनि कोरीयाली कामदारको जस्तै भएकाले महत्त्वपूर्ण देखिएको छ । एउटा विदेशी



कामदारको औसत मासिक श्रम लागत २९ लाख २८ हजार हुने उल्लेख गरिएको छ । जसमा तलब २१ लाख ६५ हजार, अधिक समयको भत्ता तीन लाख २१ हजार, आकस्मिक खर्च ४६ हजार, र बस्न र खानको लागि तीन लाख ९६ हजार वोन छ । विगतको तुलनामा कामदारको तलब लगातार बढ्दै जाँदा 'ओभरटाइम' (अतिरिक्त समय काम गरेको) भत्ता घटेको छ । विदेशी कामदारहरूको औसत तलब सन् २०२३ मा २१ लाख १३ हजार वोनबाट सन् २०२५ मा २१ लाख ६५ हजार वोन पुगेको छ, तर सोही अवधिमा अधिक समयको भत्ता चार लाख ८१ हजारबाट घटेर तीन लाख २१ हजार वोनमा झरेको छ ।

सो अध्ययनका अनुसार लागत भारको कारण ९७.८ प्रतिशत कम्पनीहरूले वैधानिक रोजगारी सीमाभन्दा कम विदेशी कामदार भर्ना गरेको पाइएको छ । कामदार संख्या घट्नुमा आवेदन शुल्क, खाने र बस्ने खर्चलगायतका गैरतलब सम्बन्धित भर्ती खर्च, न्यूनतम ज्याला वृद्धि, श्रम लागत भार र आर्थिक मन्दीका कारण रहेको छ ।

सर्वेक्षणमा सहभागी कम्पनीहरूले उत्पादकत्व वृद्धिका लागि परीक्षण अवधिको आवश्यकतामा जोड दिइएको उल्लेख गरिएको छ । तीन महिनाभन्दा कम समयका लागि काममा राखिएका विदेशी कामदारहरूको उत्पादकत्व कोरियाली कामदारहरूको ६६.८ मात्र भएको कम्पनीहरूले जनाएका छन् ।

उक्त सर्वेक्षणले उच्च दक्षता भएका कामदारको संख्या पनि द्रुत गतिमा वृद्धि भइरहेको देखाएको छ । यस्ता कामदारहरू सन् २०२४ मा २९.५ प्रतिशत थिए भने २०२५ मा ४८.२ प्रतिशत पुगेका छन् । कम्पनीहरूले उत्पादकत्व वृद्धिका लागि विदेशी कामदारको लामो कार्यावधि आवश्यक रहेको बताएका छन् । ९४ प्रतिशत रोजगारदाताले रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत विदेशी कामदारको न्यूनतम कार्यकाल तीन वर्ष वा बढी उपयुक्त हुने धारणा राखेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

# ओलीलाई टक्कर दिँदै बालेन–रञ्जित

- रञ्जितलाई झापा–५ बाट निर्वाचन लडाउँदै नेकपा
- रास्वपाबाट बालेन सोही क्षेत्रबाट निर्वाचन लड्दै
- ओलीलाई हराएर प्रतिनिधिसभा आउन रोक्ने रणनीति
- २०४८ यताका सातमध्ये छ निर्वाचनमा ओली विजयी

■ प्रभाव संवाददाता







**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई यसपटक झापा–५ मा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) साहदेखि नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता रञ्जित तामाङसम्मले टक्कर दिने भएका छन् । दुवैजना पहिलोपटक ओलीसँग प्रतिस्पर्धा गर्नेगरी अघि बढेका हुन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा तामाङलाई उनको दल नेकपाले उक्त क्षेत्रबाट उम्मेदवार बनाउने टुंगो लगाइसकेको छ । उनले यसअघि नै भनेका थिए, 'यसपटक ओलीसँग झापा–५ मा प्रतिस्पर्धा गर्छु ।' रञ्जित पहिलोपटक प्रतिनिधिसभा निर्वाचन लड्न लागेका हुन् । झापाकै उनी अनेर।स्ववियु क्रान्तिकारीका पूर्वकेन्द्रीय अध्यक्ष हुन् । अहिले उनी नेकपाको केन्द्रीय कमिटीमा छन् ।

यता बालेन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट ओलीसँग निर्वाचनमा प्रतिस्पर्धी बन्न लागेका हुन् । रास्वपाको झापा सभापति प्रकाश पाठकले बालेनलाई भेटेको र उनलाई ओलीसँग निर्वाचन लड्न आग्रह गरिएको बताए । उनका अनुसार बालेन सकारात्मक छन् । 'उहाँलाई हामीले यसपटक झापा–५ बाट निर्वाचन लड्नुहोस् भन्यौं, उहाँले हुन्छ म तयार छु भन्नुभएको छ,' उनले प्रभावसँग भने, 'त्यहाँको हामीले वस्तुस्थितिबारे उहाँलाई ब्रिफिङ गरेका छौं ।'

बालेन रास्वपाका वरिष्ठ नेता हुन् । उनलाई झापा–५ मा ओलीसँग प्रतिस्पर्धा गराउनेगरी रास्वपा प्रवक्ता मनिष झा, पूर्वसांसद निशा डाँगी, प्रमोद न्यौपाने, राजीव खत्रीलगायत यसअघि नै त्यहाँ पुगेर पार्टी समितिसँग छलफल गरेका थिए ।

ओली झापा–५ मा २०४८ यता भएका सातवटामध्ये पाँच निर्वाचनमा निर्वाचित नेता हुन् । त्यहाँ एमालेको बलियो संगठन छ । संगठन शक्तिको बलमा ओली त्यहाँबाट निर्वाचन जित्छन् । ओली प्रतिनिधिसभा निर्वाचन २०४८, मध्यावधि निर्वाचन २०५१, प्रतिनिधिभा निर्वाचन २०५६, २०७४ र २०७९ मा निर्वाचित भए । दोस्रो संविधानसभा निर्वाचन २०७० मा पनि ओली त्यहीँबाट निर्वाचित भए । २०६४ को संविधानसभा निर्वाचनमा भने तत्कालीन नेकपा माओवादीका उम्मेदवार विश्वदीप लिङ्देनसँग ओलीको पराजय भयो ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## गगन–विश्वको...

'राजाको छोरा राजा हुने राजतन्त्र फालेर हामीले गणतन्त्र ल्यायौं । तर आज त्यसै गणतन्त्रमा नेपोबेबीहरूको राज देख्दा जनता रिसाएका हुन् । त्यो रिस जेन-जी आन्दोलनका क्रममा सडकमा पोखियो,' उनले भने । आन्दोलनमा जनताले सरकार, संसद् र समग्र राजनीतिक प्रणालीप्रति असन्तुष्टि प्रकट गरेको बताए ।

अर्का महामन्त्री शर्माले विशेष महाधिवेशनमार्फत नागरिक तहमा रहेका असन्तुष्टिका प्रत्येक तह (केस्राकेस्रा) केलाएर छलफल गरिने बताए । 'आदरणीय आमाबुबा, दिदीबहिनी, दाजुभाइहरू- कसैले लाइभ, कसैले युटचुबमार्फत हेर्दै हुनुहुन्छ । तपाईंहरू प्रत्येकका असन्तुष्टिलाई केस्राकेस्रा, बुँदाबुँदामा केलाएर कांग्रेसको महाधिवेशनमा छलफल गर्नेछौं, पहिचान गर्नेछौं,' महामन्त्री शर्माले भने, 'फागुन २१ गते रूख चिह्नमा मतदान हुनुअघि नागरिकका गुनासा टिपोट गरेर, पहिचान गरेर, नदोहोऱ्याउने संकल्पसहित विशेष महाधिवेशन गरेर हामी अघि बढ्दै छौं ।'

महामन्त्री शर्माले पछिल्लो ३४ वर्षमा ३० वटा सरकार गठन भए पनि नागरिक सन्तुष्टि कायम हुन नसकेको उल्लेख गरे । सरकार परिवर्तनले सत्तामा पुगेकालाई त सन्तुष्टि मिलेको हुनसक्ने तर आम नागरिकले अनुभूति गर्न नसकेको उनको भनाइ थियो । यस्ता असन्तुष्टिका उदाहरणहरू धेरै रहेको र तिनलाई विशेष महाधिवेशनको बन्दसत्र प्रतिवेदनमा विस्तृत रूपमा प्रस्तुत गरिने उनले जानकारी दिए । महामन्त्री शर्माले विशेष महाधिवेशनलाई केवल संगठनात्मक अभ्यास नभई जनअसन्तुष्टिको गहिरो समीक्षा र आत्मसमीक्षाको मञ्चका रूपमा स्थापित गर्ने बताए ।

### विशेष महाधिवेशनमा देउवाको खोजी

कांग्रेस विशेष महाधिवेशनमा धेरैले सभापति शेरबहादुर देउवा पनि उपस्थित हुनुपर्ने माग गरेका छन् । मञ्चमा पुगेका नेताहरूदेखि महाधिवेशन प्रतिनिधिहरूले देउवाले यसलाई अपनत्व लिनुपर्ने बताएका हुन् । मञ्चबाट कांग्रेस नेता सुनिल शर्माले बन्दसत्रमा भए पनि आउन आग्रह गरे । 'रोइलो छाडेर यो हलमा आउनुस्, तपाईंलाई हामी विकल्प दिन्छौं,' शर्माले भने ।

गगननिकट नेता डिल्लीराम सुवेदीले आइतबारको उपस्थिति देखेर देउवा पनि उपस्थित हुने बताए । 'यो उपस्थिति देखेपछि सभापतिले पनि सम्बोधन गर्नुहुने छ भन्ने हामीलाई लाग्छ,' सुवेदीले भने । सभापति देउवा भने विशेष महाधिवेशन गर्न नहुने भन्ने पक्षमा अडिग छन् । देउवाका लागि विशेष पक्षधरले सिट पनि छुट्याएका थिए । तर देउवा आएनन् । मञ्चबाट नै केन्द्रीय सदस्य मधु आचार्यले भनिरहेका थिए, 'यो विशेष महाधिवेशनमा सभापति र कार्यवाहक सभापतिको सिट पनि खाली छ ।'

देउवाले दिनभर आफूपक्षका नेता र संस्थापनइतरका नेता डा. शेखर कोइरालासँग छलफल गरे । दिनभरको छलफलको क्रममा के-के भयो भन्ने विषय खुलेको छैन । देउवा नआउँदा आफूलाई दुःख लागेको महामन्त्री थापाले बताए । 'तल ओर्लिएर नेताहरूको तस्बिरमा माल्यार्पण गऱ्यौं, दियो बाल्यौं र गमलामा पानी हाले उद्घाटन गऱ्यौं । हामीलाई खुसी लागेको होइन,' प्रमुख अतिथिका रूपमा उपस्थित थापाले भने, 'त्यो उद्घाटन आज हाम्रो पार्टी सभापतिले गरेको हेर्न चाहन्थ्यौं । हाम्रो कार्यवाहक सभापति पनि यहाँ उपस्थित भएको हेर्न चाहन्थ्यौं ।'

विशेष महाधिवेशनमा संस्थापनपक्षका नेताहरू पूर्वउपसभापति गोपालमान श्रेष्ठ, चन्द्र भण्डारी, महेश आचार्य, नरहरि आचार्य, विनोद चौधरी, सुनिल शर्मा, उदयशमशेर जबरा, डिला संग्रौला, पुष्पा भुसाल, राजेन्द्रकुमार केसीसहित कोशी प्रदेशमा विद्रोह गरेर मुख्यमन्त्री बनेका शेखर समूहको नेताका रूपमा चिनिएका केदार कार्की विशेष महाधिवेशनको उद्घाटन समारोहमा पुगेका थिए ।

### बन्द सत्रबाट नेतृत्व छानिएला ?

विशेष महाधिवेशन आयोजना सफल भएसँगै आज के होला ? धेरैले चासोपूर्वक हेरिरहेका छन् । ५१ प्रतिशत महाधिवेशन प्रतिनिधि पुगेको अवस्थामा बन्दसत्रको हलबाट गगनलाई सभापतिका रूपमा चयन गर्ने तयारी विशेष पक्षधरको देखिन्छ । उनी पक्षधर नेताहरू गगनलाई सभापतिका रूपमा चयन गरेरमात्र महाधिवेशन टुंगोमा पुगिने बताउँछन् । उनीहरूको भनाइलाई साथ दिनेगरी गगनले पनि महाधिवेशन कहाँ गएर टुंगिन्छ भन्ने थाहा नभएको बताएका छन् । 'कहाँ गएर टुंगिन्छ, मलाई थाहा छैन । तपाईंहरूले माग्नुभएको छ, नीति पनि बदल्ने, नेता पनि बदल्ने,' थापाले भने, 'मैले मागेको होइन, तपाईंहरूले मागेको हो । हाउसले जे निर्णय गर्छ, त्यो मेरा लागि स्वीकार्य छ ।'

गगन सभापति छानिनु भनेको कांग्रेस फुटको दिशामा अघि बढ्नु भएको विश्लेषकहरू बताउँछन् । अर्का महामन्त्री शर्माले आफू पार्टी फुटको दिशामा जानबाट रोक्न लाग्ने यसअघि बताइसकेका छन् । बरु यो विशेष महाधिवेशनलाई संकल्प प्रस्तावका रूपमा परिणत गराउने प्रयासमा शर्मा लाग्ने बताउँछन् । यता डा.शेखर कोइराला पक्षले भने यसलाई नीति महाधिवेशनमात्र बनाउनेगरी देउवासँग छलफल अघि बढाइरहेका छन् । महाधिवेशनमा देउवानिकट नेताहरू र शेखरनिकट नेताहरूकोसमेत घुसपैठ रहेको भन्दै गगननिकट नेताहरू भने सशंकित बनेका छन् । उनीहरूका कारण बन्दसत्र भँडिन नदिन आफूहरू लागिपरेको विशेष महाधिवेशन पक्षधरहरू बताउँछन् ।

■■■

## २६६२ प्रतिनिधिको...

३९८, कर्णालीबाट १३४, सुदूरपश्चिम प्रदेशबाट १५८, उपत्यकाका तीन जिल्लाबाट १७८, भ्रातृ शुभेच्छुक र जनसम्पर्क समितिबाट १९५ जना प्रतिनिधि गरी जम्मा २६ सय ६२ जनाले नाम दर्ता गराएका हुन् ।

कूल चार हजार ७४३ महाधिवेशन प्रतिनिधि रहेको कांग्रेसमा २६ सय २६ प्रतिनिधि भनेको ५६ प्रतिशत हो । आज (सोमबार)समेत प्रतिनिधिहरूको नाम दर्ता हुने छ । आज बिहान ८:०० बजेबाट नाम दर्ता हुने तथा बन्दसत्र बिहान १०:०० बजेबाट हुने जनाइएको छ ।

■■■

## १८ वर्षपछि...

दाहालले त्यहींबाट निर्वाचन जिते तर पार्टी एकता गरेनन् । यसपटक गोरखा-२ बाट नेकपाले नेता लेखनाथ न्यौपानेलाई निर्वाचन लडाउने भएको छ । उनी पनि निर्वाचन गतिविधिमा सक्रिय भएका छन् ।

दाहालले २०७४ को प्रतिनिधिसभा निर्वाचन चितवन-३ बाट लडेका थिए । यसपटक त्यहाँबाट छोरी रेनु दाहाललाई उम्मेदवारी बनाउने चर्चा छ । उनी भरतपुर महानगरपालिकाकी प्रमुख हुन् । उनै रेनु नेकपाको तर्फबाट उम्मेदवारको प्रबल दाबेदार हुन् ।

संयोजक दाहाल २०७० को संविधानसभा निर्वाचन काठमाडौं-१० र सिरहा-३ बाट लडेका थिए । काठमाडौं-१० मा कांग्रेसका राजेन्द्रकुमार केसीसँग पराजित भए । सिरहा-३ बाट मात्रै निर्वाचित भए । त्यसअघि २०६४ मा भने रोल्पा-२ र काठमाडौं-१० बाट विजयी भएका थिए । यसरी दाहाल हरेकपटक चुनावी भूगोल परिवर्तन गर्छन् । आलोचकहरू यसलाई सुरक्षित क्षेत्र खोज्ने दाहाल प्रवृत्ति भन्छन् । तर, समर्थक र कतिपय विश्लेषकहरू भने यसलाई दाहालको राजनीतिक अनुकूलन क्षमताका रूपमा हेर्छन् । सत्ता समीकरण बदलिँदा, मतदाताको मनोविज्ञान फेरिँदा र आन्दोलन-विद्रोहको असर देखिँदा उनले आफूलाई उपयुक्त भूगोलमा पुनःस्थापित गर्दै आएका छन् ।

पछिल्ला वर्षहरूमा सहरी र घना जनसंख्या भएका निर्वाचन क्षेत्रमा मतदाताको व्यवहार अप्रत्यासित बनेको छ । भदौ २३-२४ को जेन-जी विद्रोहपछि स्थापित परम्परागत दलप्रतिको असन्तोष झनै तीव्र देखिएको छ । यही परिवेशमा दाहालले युद्धभूमि र सांगठनिक शक्ति मजबुत भएको रुकुमपूर्व रोजे ।

नेकपा नेता तथा लुम्बिनी प्रदेशका पूर्वसभामुख पूर्ण घर्ती दाहालको केवल सांसद बन्ने प्रयास होइन, आफ्नै राजनीतिक इतिहाससँग पुनः जोडिने प्रयत्न पनि भएको बताउँछन् । 'उहाँकै नेतृत्वमा हामीले युद्ध लडचौं । अहिलेको राजनीतिक व्यवस्था हामीले लडेको युद्धको उपलब्धि हुन् तर कमरेड प्रचण्ड युद्धपछि युद्धभूमिमा कमै पुगेको गुनासो थियो जनताको,' उनले भने, 'अब उम्मेदवार बनेर जाँदा आफ्नै इतिहाससँग पनि उहाँ जोडिनुहुन्छ ।' दाहालको नाम कालिकोटबाट पनि प्रत्यक्ष निर्वाचन लड्न सिफारिस भएको थियो । सिन्धुली-२ बाट उनको नाम सिफारिस भएको थियो । तर, यी दुवै क्षेत्रभन्दा दाहालले रुकुमपूर्वलाई रोजे ।

■■■

## कोरियामा विदेशी ...

भर्ना गर्दा कामदारको वास्तविक व्यवस्थापनमा ५२.१ प्रतिशत कम्पनीहरूले भाषाका कारण उचित संवादमा समस्या हुने गरेको औंल्याएको भनिएको छ । हालको इपिएस प्रणाली सुधार गर्नका लागि इमान्दार नहुने विदेशी कामदारहरूलाई कारबाही गर्ने कुरामा ४१ प्रतिशत कम्पनीहरूले सुझाव दिएका थिए । त्यस्तै कामदारको बसाइँको अवधि बढाउनका लागि ३१.५ प्रतिशत र उत्पादकत्व अनुसार तलब प्रणाली लागू गर्नुपर्नेमा २५.६ प्रतिशत रोजगारदातको मत थियो ।

कोरियाले सन् २००८ देखि नेपालबाट इपिएस प्रणालीमार्फत कामदार लग्दै आएको छ । सन् २००८ मा पहिलोपटक दुई हजार ८१४ जना नेपाली कोरिया गएका थिए । सन् २०२४ मा नौ हजार २८५ जना गएको इपिएस कोरिया शाखाको तथ्यांक छ । नेपालबाट हालसम्म एक लाख २० हजारभन्दा बढी युवाले कोरिया जाने अवसर पाएका शाखाको भनाइ छ ।

■■■

## ओलीलाई...

लिङ्देन हाल कांग्रेसमा आबद्ध छन् । लिङ्देनबाहेकले ओलीलाई हराउन सकेको छैन । एमाले झापाका नेता रोमनाथ ओली भन्छन्, 'हामी जो सुकै आए पनि यहाँ नराम्रो ढंगले हराएर पठाउँछौं । हाम्रो संगठन तागत त्यस्तो छ, जुन आगामी निर्वाचनमा पनि देखाउँछौं ।'

तीनपटक प्रधानमन्त्री भएका ओलीले आफ्नो निर्वाचन क्षेत्रमा अर्बौं बजेट खन्याएका छन् । व्यापारिक केन्द्र बनाउनेगरी उनले दमक भ्यु टावर बनाएका छन् । जेन-जी विद्रोहपछि सुशीला कार्कीको नेतृत्वमा गठित नागरिक सरकारका अर्थमन्त्री रामेश्वर खनालले ओलीको क्षेत्रमा विनियोजित अधिकांश बजेट कटौती गरेका छन् ।


**युएइमा रोजगार** कम्पनी : AL SHASHA AL SAGHEER TECH CONT

पूर्व स्वीकृति मिति : २०८१/०२/१८ पूनः विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ LT. No. 305604 चलानी नं. ६०२२०४७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 8 | 0 | 1200 | ४७,०८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४७,०८९ | | | | | | | |
| 3 | Construction Carpenter | 10 | 0 | 1200 | ४७,०८९ | | | | | | | |
| 4 | Tile Layer | 7 | 0 | 1200 | ४७,०८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ ५ गते (19th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७३/०७३/०७४

E.U.Bright Future Pvt. Ltd. (PRESTIGE H.R. SOLUTION PVT.LTD.)

Tokha Municipality-10, Kathmandu, Nepal, Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com



**कुवेतमा रोजगार** कम्पनी : MAHA AL MANDIL LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ LT. No. 304022 चलानी नं. ६०२१८८२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/pedicure/beautician/nail Technician/Hair | 0 | 5 | 150 | ६९,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NORA STYLE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ LT. No. 330508 चलानी नं. ६०२४४२९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 3 | 100 | ४६,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 2 | 150 | ६९,१२५ | | | | | | | |
| 3 | Manicure/pedicure | 0 | 2 | 150 | ६९,१२५ | | | | | | | |
| 4 | Nail Technician | 0 | 3 | 150 | ६९,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ ५ गते (19th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075


**उत्तरगया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लहरेपौवा, रसुवा**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः २०८२/०९/२८)

यस उत्तरगया गाउँपालिकाको आ.व. २०८२/०८३ मा स्वीकृत कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा तपशिलमा उल्लेख भएको ठेक्काहरुको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट online bidding गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को प्रयोजानार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of work | Bid Security Amount | Price of Bid Document | Estimated cost with VAT and Contingencies | Last Date of Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | URM/SQ/WORKS/01/2082/083 | Construction of ward no. 2 office building | NRs. 50,000/- | NRs. 1,000/- | NRs. 19,99,504.75/- | 2082-10-13 (2026-01-27) | Second Notice |
| 2 | URM/NCB/WORKS/05/2082/083 | Protection of Dhunge Settlement (Boulder Breaking work) | NRs. 160,000/- | NRs. 3,000/- | NRs. 63,07,545.80/- | 2082-10-28 (2026-02-11) | |

नोटः बोलपत्र सम्बन्धि अन्य जानकारी लिनु परेमा पालिकाको वेबसाइट www.uttargayamun.gov.np,सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा हेर्नुहुन अथवा यस कार्यालयको फोन नं. ०१०-५९२७७७ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश**

**बोलपत्र सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२८

यस अजयमेरू गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ. व. २०८२/०८३ अन्तर्गत तपशिलका कार्यहरूको लागि प्रथम पटक प्रकाशित बोलपत्र सम्बन्धी सूचनाको विस्तृत विवरण यस कार्यालयको वेबसाइट http://www.ajayamerumun.gov.np / http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ ।

**तपशिलः**

| क्र. स. | कामको विवरण | बोलपत्र नं. | कैफियत |
|---|---|---|---|
| १ | Construction of Rajul Badi Bajar Peace Park | ARM/NCB/W-9/2082/83 | |
| २ | Anarkholi to Khateda Mangarau Bhulkuda Dewal Sadak & Deupujana to Karkatta Tol Foot way Construction | ARM/NCB/W-10/2082/83 | |
| ३ | Chetana Ma. Vi. Building Construction or Educational Infrastructure Development Works Ajayameru 6 | ARM/NCB/W-12/2082/83 | |
| ४ | Betalmandau Pahiro Niyantran & Dadola Tallagau to Melauli padmarga Construction. | ARM/SQ/W-03/2082/83 | |
| ५ | Procurment of Medicine, surgical items and medical equipments for Basic Health service. | ARM/SQ/G-01/2082/2083 | |

**प्रमुख प्रशासकीय अधिकृत**

**Janaki Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Durgauli, Kailali**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bid**

**Date of Publication 12th Janauary 2026**

1. **Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Description | Quantity | Bid Security Amount NRs. | Cost of Bid Document NRs |
|---|---|---|---|---|---|
| 1. | NCB/JRM/03/GOODS/2082/83 | Supply and delivery of Agricultural Ambulance | 1 (One) | 80,000 | 3000 |
| 2. | NCB/JRM/04/GOODS/2082/83 | Supply and delivery of Mortuary Van | 1 (One) | 75,000 | 3000 |

2. Eligible Bidders may obtain further information at Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali or **Telephone NO.: +977 091-500077,** or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp**.
3. Please visit www.janakimunkailali.gov.np for more details.

**Chief Administrative Officer**

# मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि प्रशिक्षण दिँदै आयोग




**काठमाडौं (प्रस)**– निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लाग खटिएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि प्रशिक्षक प्रशिक्षणका लागि आज र भोली विभिन्न स्थानमा अभिमुखीकरण तालिम सञ्चालन गर्दै छ ।

सात प्रदेशअन्तर्गतका निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि कूल चार स्थान काठमाडौं, चितवन, विराटनगर र नेपालगञ्जमा अभिमुखीकरण तालिम दिन लागिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । तालिम सञ्चालन गर्न आयोगका पदाधिकारी र सम्बन्धित कर्मचारीले कार्यविभाजन गरी खटिइसकेका छन् । तालिमले मुख्य प्रशिक्षक तयार गर्न प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको र ती प्रशिक्षकले थप तालिम सञ्चालन गर्ने आयोगको योजना रहेको छ । प्रशिक्षण प्राप्त गरेपछि निर्वाचन अधिकृतले आगामी माघ २ गतेदेखि आ-आफ्नो निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी काम सुरु गर्ने छन् । आयोगले न्याय परिषद्को परामर्शमा ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र ८८ जना न्यायसेवाका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृत पदमा नियुक्ति दिइसकेको छ ।

## 'सुरक्षाको भरपर्दो वातावरण छ'

यसैबीच आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल, उम्मेदवार र मतदताका लागि सुरक्षाको भरपर्दो वातावरण हुने बताएको छ । निर्वाचनमा सुरक्षाकै कारण राजनीतिक दल र उम्मेदवारले जनतासँग मात माग्न र मतदताले मतदान गर्न असुविधा हुने स्थिति नआउने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताएका हुन् ।

उनले एकीकृत सुरक्षा योजनाअनुसारका चारै सुरक्षा निकायले समन्वयात्मक काम गरिरहेको र नेपाल सरकारले पनि आवश्यक स्रोत साधन उपलब्ध गराइरहेको स्पष्ट गरे । 'राजनीतिक दल, उम्मेदवार वा पक्षधरहरूले जनता र मतदातासमम्म आफ्ना विचार वा प्रचार लैजान निर्भयतापूर्वक विश्वस्त भएर लाग्नसक्ने स्थिति छ । सुरक्षाकै कारण मतदातासमक्ष उहाँहरू जान नसक्ने अवस्था छैन,' उनले भने, 'यसका लागि सुरक्षा निकायले चनाखो भएर काम गरिरहेका छन् । सरकारले स्रोत, साधन उपलब्ध गराएकै छ ।'

## 'शिल्प, भाषा र उद्यमबाटै नेवाः पहिचान जोगिनुपर्छ'

**काठमाडौं (प्रस)**– सर्वोच्च अदालतका पूर्वप्रधान न्यायाधीश कल्याण श्रेष्ठले शिल्प, भाषा र उद्यमको संरक्षण तथा प्रवर्द्धनबाटै नेवाः समुदायको पहिचान जोगाउन सकिने बताएका छन् ।

आइतबार पञ्चरत्न लुमन्ती गुठीको तेस्रो वार्षिक साधारणसभाको अवसरमा आयोजित 'संविधानको एक दशकः देशको परिस्थिति र नेवाः समुदायको अवस्था' विषयक अन्तरक्रियामा श्रेष्ठले नेवाः संस्कृतिलाई उद्यमसँग जोड्दै भावी पुस्तासम्म हस्तान्तरण गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरे ।

नेवाः समुदाय ऐतिहासिक रूपमा शिल्प र सीपका कारण चिनिएको स्मरण गराउँदै श्रेष्ठले पछिल्लो समय त्यो पहिचान कमजोर बन्दै गएकाप्रति चिन्ता व्यक्त गरे । 'संस्कृति वृद्धि र शिल्पबाट चिनिन्थ्यो, तर आज त्यो हराउँदै गएको छ । बहाल र ब्याजमा मात्र निर्भर भएर हुँदैन, उद्यम र श्रममा फर्किनुपर्छ,' उनले भने ।

श्रेष्ठले नेवाः समुदायसँग गहिरो सांस्कृतिक धरातल र अपार सीपको खानी रहेको उल्लेख गर्दै सहकार्यका माध्यमबाट स्वच्छ, प्रभावकारी र वैधानिक विकासतर्फ उन्मुख हुनुपर्नेमा जोड दिए । 'हरेक भाषामा ज्ञान हुन्छ, त्यसैले भाषा संरक्षण अनिवार्य छ,' उनको भनाइ थियो । आत्मकेन्द्रित सोच त्यागेर सामूहिक प्रयासबाट मात्र समाज रूपान्तरण सम्भव हुने उनले स्पष्ट पारे ।

कार्यक्रममा गुठीका सचिव नरेशवीर शाक्यले संविधानले सम्पूर्ण भाषाभाषीलाई समान अधिकारको व्यवस्था गरे पनि व्यवहारमा त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको धारणा व्यक्त गरे । उनले अधिकार व्यवहारमा लागू गराउन र पहिचान संरक्षणका लागि नेवाः समुदाय एकताबद्ध हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा पञ्चरत्न लुमन्ती गुठीका अध्यक्ष केशवमान शाक्यले समाज रूपान्तरणमा पञ्चरत्न तुलाधरले पुऱ्याएको योगदानलाई जीवन्त राख्ने उद्देश्यले गुठीले निरन्तर सामाजिक, सांस्कृतिक तथा बौद्धिक गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिए ।


### Mahakali Municipality
### Office of Municipal Executive
**Khalanga, Darchula, Sudurpaschim Province, Nepal**

## Invitation for Bids (IFB)

**Date of Publication: 2082/09/28 (12th January 2026 AD)**
**Last Date of Bid Submission: 12 Hours, 2082/10/28 (11th February 2026 AD)**

Mahakali Municipality, Office of Municipal Executive Khalanga Darchula invites electronic bids for procurement of following works under National Competitive Bidding procedures. All other Information, Mandatory documents and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit their e-bid with the requested documents within mentioned period.

| S. N. | Project Name | Contract ID | Bid Document Fee ( NRS) | Estimated Amount Inclusive of VAT (NRS) |
|---|---|---|---|---|
| 1 | Supply of School Furniture, Educational Material, Computers, Digital Boards, Construction of Boundary Walls and School Building Maintenance Project | 03/MMDARCHULA/NCB/SFEMCB W2082/083 | 3,000/- | 68,00,000/- |

**Chief Administrative Officer**



### सूचना

यस पूर्वाधार विकास कार्यालय, कैलालीबाट मिति २०८२/०९/२५ को "प्रभाव" राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा ठेक्का नं IDOKAILALI/W/NCB/82/83-23 अन्तर्गत सफल बोलपत्रदाता श्री पवन निर्माण सेवा, धनगढी-११, कैलाली र कबोल अङ्क रू. (भ्याट र PS समेत) रू. १,२४,७३,५६४.५५ हुनुपर्नेमा अन्यथा भएकोले सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यालय प्रमुख**



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/२८**

यस कम्पनीको मिति २०८२/०९/२० को साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **रोहन इलेक्ट्रिकल प्रा.लि. (Rohan Electrical Pvt. Ltd.)** (दर्ता नं.७४८०८ स्थायी लेखा नं.३०४३२३९५७) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर तथा अन्य दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने/व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंको मिति २०८२/०९/२३ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **रोहन इलेक्ट्रिकल एण्ड इन्टेरियर प्रा.लि. (Rohan Electrical And Interior Private Limited)** कायम गरिएको सम्पूर्ण सरोकारवालाहरूलाई जानकारी गराइन्छ ।



### मुक्तिनाथ फुड बैंक लि.
**MUKTINATH FOOD BANK LTD.**
A Subsidiary Company of Muktinath Food Bank Ltd.

### जग्गा, टहरा तथा गोदाम भाडामा चाहिएको सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/०९/२७)

मुक्तिनाथ फुड बैंक लिमिटेडलाई आफ्नो विभिन्न कृषि उत्पादनहरू (Agri–products) जस्तै खाद्यान्न, बीउबिजन र मलखादको व्यवस्थित भण्डारण तथा वितरणका लागि काठमाडौं र बुटवल क्षेत्रमा देहाय बमोजिमको जग्गा वा भौतिक संरचना भाडामा वा करारमा आवश्यक परेको छ । इच्छुक जग्गाधनी वा संस्थाहरूबाट देहाय बमोजिमको शर्त पुरा हुने गरी प्रस्ताव आह्वान गरिन्छ ।

**आवश्यकता विवरणः**

- स्थानः काठमाडौं क्षेत्र र बुटवल क्षेत्र (मुख्य सडकबाट सहज पहुँच भएको)
- क्षेत्रफलः करिब ४०,००० वर्गफुट (जग्गा वा गोदाम)
- प्रयोजनः खाद्यान्न भण्डारण तथा लजिस्टिक व्यवस्थापन
- अन्य सुविधाः ठूला सवारी साधन (Truck/Container) सहजै आउन-जान सक्ने बाटो भएको ।

**प्रस्ताव पेश गर्ने विधिः**

इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रस्ताव (जग्गाको लोकेसन नक्सा, क्षेत्रफल र अपेक्षित भाडा दर सहित) तल उल्लेखित ठेगानामा वा इमेल मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ ।

**थप जानकारीका लागि सम्पर्कः**
**मुक्तिनाथ फुड बैंक लिमिटेड / मुक्तिनाथ कृषि कम्पनी लिमिटेड**

केन्द्रीय कार्यालयः बसुन्धरा-०३, काठमाडौं, नेपाल
+९७७-९७०७०७५४११
foodbank@muktinathkrishi.com
info@muktinathkrishi.com
www.muktinathkrishi.com



### मोटरसाइकल हराएको सूचना !

मिति २०८२/०९/२३ गते कुमारीपाटी, ललितपुर बाट बेलुकी अन्दाजी ७:०० बजेतिर निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गरिन्छ ।

**सवारी धनी** : **बलराम कवर जोगी**
**मोटर साइकल नं.** : बा.प्र.०२-०५५प ७११२
**रंग/मोडल** : कालो रातो रंगको बजाज पल्सर, १५० सिसि
**इन्जिन नं** : DHXPRJ38117
**च्यासिस नं.** : MD2A11CX8RPJ64529
**सम्पर्क नं.** : ९८४१५६१४८७



### प्रमाण पत्र हराएको सूचना !

मिति २०८२/०८/२८ गते कलंकीदेखि त्रिपुरेश्वर जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरूसाथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**तपसिल**
**नाम** : Sriyana Rayamajhi
**कलेज नाम** : Ulens Secondary School
**ठेगाना** : Khumaltar, Lalitpur,Nepal
**रजिष्ट्रेशन नं.** : 813251010059
**सिम्वोल नं.** : 22512130
**Migration Serial Number** : M 1535790
**Date of Issue** : 2082/05/01 B.S. : (17 Aug 2025 A.D.)
**फोन नं.** : 9813636496



### साइप्रसमा रोजगार
**कम्पनी : THEO EMPLOYMENT & TRAVEL LTD**

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 336399 | चलानी नं. ६०२५०४४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | COOK A | 5 | 0 | 1262 | २,११,७९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | COOK B | 3 | 0 | 1018 | १,७०,८४२ | | | | | | | |
| 3. | CHAMBERMAID | 0 | 3 | 650 | १,०९,०८४ | | | | | | | |
| 4. | WAITER | 2 | 0 | 700 | १,१७,४७५ | | | | | | | |
| 5. | WAITRESS | 0 | 2 | 700 | १,१७,४७५ | | | | | | | |
| 6. | BARMAN | 1 | 0 | 800 | १,३४,२५७ | | | | | | | |
| 7. | DOMESTIC WORKER | 0 | 4 | 400 | ६७,१२८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः लिला गार्डेन भत्केको पुल, काठमाडौंमा मितिः २०८२ माघ ५ र ६ गते (19 and 20th Jan. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1798/082/83
**R.D. HUMAN RESOURCE PVT.LTD.**
Ratopul-9, Rudreshwor Marg, Kathmandu, Nepal, Contact: +977-01-4533915, 5924815, 9851086813, 9808583221
E-mail : rdhumanresourcesnp@gmail.com, Web : www.rdhr.com.np



## Sunawarshi Municipality
### Office Of The Municiple Executive
### Dainiya, Morang
**Koshi Province**

## Invitation For Sealed Qutation

**Published date: 2082/09/28 (2026/01/12)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites E-bids from eligible bidder for the procurement of the following goods (Medicine and wheelchair) under sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (Without Vat) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/SQ/ MEDICINE/082/83-01 | *Adharbhut tatha akasmik swasthya sewako lagi aausadhi kharid* | 12,73,995.31/- (Goods) | 35,000 /- | 1000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents electronically from office of sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178**
4. A complete Set of Bidding Documents May be purchased from the Office Of sunawarshi Municipality Dainiya Morang By e-bid from Office of sunawarshi Minicipality, Dianiya, Morang. Bidders, submitting their bid as e-bid, should deposit the cost (non-refundable fee of Nrs 1000/- on or Before 2082/10/12 during office hours.) of bidding document in the Project's Dharauti Kosh Khata account as specified above and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of e-bid submission of the bid.
5. Bids must be submitted to the office of the sunawarshi municipality electronically on before 12:00 noon on 2082/10/13. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on Magh, 13th, 2082 13:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. In case of medicine Purchased medicine must be certified by **WHO GMP** Company.
8. In case of medicine In every packet of purchased medicine **Manufacture date, Expire date, Batch number, Free Supply for Ministry of Health and Population Nepal of Supply for Local Institution** must be clearly mentioned.
9. In case of medicine Sealed quotation without specification would not be approved. Sealed quotation with specification must be submitted electronically at sunawarshi municipality health section..
10. In case of medicine Expiry date of each medicine must be **at least 18 month** from the date of registration by sunawarshi municipality, in case of **date less than 18 month 75% of required** month may be included.
11. In case of medicine Each rate must be rate with transportation and without vat.
12. In case of medicine the authority letter of purchase medicine must be submitted by receiving from suppliers in case of National company and form National Suppliers in case of International Suppliers.
13. In case of medicine in each medicine item suppliers' company name must be clearly mentioned. The medicine without mentioning company name would likely not to be approved.
14. In case of medicine Except **Syringe, powder, liquid** medicine all other medicine **(tablet, capsule)** must installed in **Strip pack** and **Bottle item in plastic bottle**.
15. In case of medicine Each bidder must purchase the sealed quotation individually and could not hand over the document to other.
16. In case of medicine If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
17. In case of medicine The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
18. In case of medicine Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ‘ग्रेसफुल एक्जिट’का लागि देउवालाई अन्तिम अवसर


यतिबेला कांग्रेस सभापति शेरबहादुर देउवा महाराजगञ्जमा आराम गरिरहेका होलान्। जेन–जी विद्रोहको बेला भदौ २४ गते आफ्नै निवासमा कुटिएका देउवा उपचारपछि आराम गरिरहे पनि मन भने कुँडिएको होला। कारण महामन्त्रीद्वयले आफ्नो टेरपुच्छर नलाई विशेष महाधिवेशन आयोजना गरे भनेर।

विधानतः कांग्रेस नेतृत्वमा देउवाको कार्यकाल मंसिरमै सकिएको हो। निर्वाचन घोषणा भइसकेको अवस्थामा महाधिवेशन गर्न नसकिने भन्दै देउवाले आफ्नो कार्यकाल थपिरहेका छन्। यो बीचमा सक्दो चाँडो महाधिवेशन गर्नुपर्छ भनेर युवा महामन्त्रीहरूले दबाब दिएकै हुन्। संस्थापनइतरले पनि यसमा साथ दिए। देउवापक्षकै २५ जना केन्द्रीय सदस्य पनि निर्वाचनअघि नै महाधिवेशन हुनुपर्छ भन्ने लाइनमा उभिए। तर देउवाले बहुमत आफ्नै पक्षमा छ भन्दै यो आवाज सुनेनन्। फागुन २१ गते निर्वाचन आउँदै छ। यो बीचमा नेकपा एमालेले मंसिरको मसान्तमा आफ्नो महाधिवेशन सकायो। भलै, केपी शर्मा ओलीले नेतृत्व छाडेनन् त्यो अर्कै विषय हो। तर विधानतः एमाले अपडेट भयो। कांग्रेसमा देउवालाई छुट छैन। अब उनी विधानतः सभापति बन्न पाउने छैनन्।

देउवालाई एकै लोभ छ एकपटक प्रधानमन्त्री बन्ने। कांग्रेस नेतृत्वबाट बिदा भए यो अवसर गुम्ने डरमा बाँचेका देउवालाई निर्वाचनअघिको महाधिवेशन एकदम अरुचिको विषय हो। सकेसम्म विघटित प्रतिनिधिसभा ब्यूँताएर भए पनि प्रधानमन्त्री बन्ने आकांक्ष देउवाको सुनिन्छ। तर ठीक उल्टो कांग्रेसमा युवाको माग छ, परिवर्तनको। देउवाको नेतृत्वका कारण कांग्रेस कमजोर बन्दै गएको छ। निर्वाचनमा पहिलो दल बनेर पनि कांग्रेसले सरकारको नेतृत्व गर्न सकेन। तानाशाहीको रूपमा आरोप लागेका एमाले अध्यक्ष ओलीसँग साँठगाँठ गरेर भागबण्डाको राजनीतिलाई सतहमै ल्याए। अघिल्लो निर्वाचनमा कांग्रेसका हार लज्जास्पद थियो। त्यसपछि माओवादीसँग चुनावी तालमेल गर्‍यो। यसले गर्दा देउवा आलोचित बने।

युवाको नजरमा देउवाको साख गिर्दै गएको छ। तर पनि नेतृत्वमा उनको चाहना अझै देखिन्छ। उनलाई भरथेग गर्ने सारथीहरू पनि प्रशस्तै छन्। देउवालाई अब नेतृत्वमा टेको लगाएर राख्नुभन्दा पनि टेको लगाउनेहरूले बुझ्नुपर्ने कुराचाहिँ ‘ग्रेसफुल एक्जिट’ दिनु उत्तम हो। यो त टेको लगाउन खोज्नेहरूको कुरा भयो, देउवा आफैं पनि ‘ग्रेसफुल एक्जिट’ चाहने हो भने युवाको आवाजलाई सुन। भृकुटीमण्डपमा उत्रिएका कांग्रेसजनको मनलाई मान। यो देउवाका लागि अन्तिम अवसर हो।

# अरनिकाे नेपालका गहना



❑ प्रा.डा. तीर्थप्रसाद मिश्र

“ अरनिकोका विषयमा नेपाली स्रोत मौन रहँदा कतिपय प्रश्न हालसम्म अनुत्तरित नै छन्। सही उत्तर पाउन पनि मुस्किल नै होला। अरनिकोको खास नाम के थियो भन्ने विषयमा पनि अलमल छ, कसैले अनिको वा अरनिक भनेका छन् त कसैले उनको नाम चिनियाँ भाषामा उच्चारण गर्दा अरनिको भएको चर्चा गरेका छन्। बाबुराम आचार्यले उनको नाम बलबाहु भएको जनाएका छन्। उनको जन्म कहिले भएको हो र सन् १२४४ मा भोट जाँदा उनी कति वर्षका थिए भन्ने पनि यकीन हुन सकेको छैन।

अरनिको नेपालको छवि विश्वभर उजिल्याउने र नेपाली मनमन्दिरमा विराजमान कहिल्यै ननिभ्ने बत्ती हुन्। यिनैको आरती र अर्चना गरी उनको व्यक्तित्व र योगदान विषयमा स्तुति गरी श्रद्धा गर्ने दिवस हो, अरनिको जयन्ती। यथार्थमा नै सबै नेपालीले श्राद्ध (श्रद्धापूर्वक गरिने कार्य) गर्ने पितृ (पुर्खा) तिनै महामानव हुन्, जसको सन्दर्भ नेपालको गौरवमय अतीतसँग प्रत्यक्ष रूपमा गाँसिएको छ। नेपाल र चीनमासमेत हरेक वर्ष पुस २३ गते विशेष महत्त्वका साथ अरनिको दिवस मनाइने परम्परा २०५८ सालबाट थालनी भएको हो।

नेपाललाई तिब्बत, चीन, मंगोलिया, इण्डोनेसियासम्म चिनाउने अरनिको एक महान् चित्रकार, कलाकार, वास्तुकलाविद् थिए, जसको कलाकारिताविना वास्तुकलाको इतिहास नै अधुरो र अपुरो रहन्छ। यस्ता महान् धर्तीपुत्रको कार्य र योगदान विषयमा प्रकाश पार्ने नेपाली वाङ्मयका श्रेष्ठ व्यक्तित्व सत्यमोहन जोशी र अन्वेषक मीनबहादुर शाक्यप्रति सम्मान र सराहना गर्न पनि कञ्जुस्याइँ गर्नु हुँदैन। चिनियाँ स्रोतको अध्ययन, विश्लेषण र स्थलगत अवलोकनका आधारमा जोशीले र उनको चित्र अन्वेषण गर्ने शाक्यहरूले जागर नचलाएको भए अरनिको इतिहासकै गर्भमा हराउने थिए।

नेपालको प्रसिद्धि तिब्बत र चीनमा पुर्‍याई ती देशहरूसँग घनिष्ठता गराउने नेपाली राजकुमारी भृकुटी विषयमा जस्तै यी महान् कलाकार अरनिको विषयमा नेपालमा ऐतिहासिक सामग्री किन मौन भए भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ खोज्ने बेला आएको छ। चीनमा पुगेर प्रसिद्धि कमाउने अरनिकोका विषयमा चर्चा गर्दा नेपाल-भोट-चीन सम्बन्धको पूर्वसन्दर्भलाई पृथक राख्न सकिँदैन।

नेपालको सम्बन्धमा उत्तरका मुलुक खासगरी भोट र चीनसँग घनिष्ठता ल्याउने सर्वाधिक महत्त्वपूर्ण भूमिका बौद्ध धर्मले निर्वाह गरेको सर्वविदित तथ्य हो। शान्तिभद्र, अनन्तश्री, जेत कर्ण, सुमन कीर्ति, शान्तिश्रीजस्ता बौद्ध धर्मका पण्डित नेपालबाटै भोट पुगेका थिए। यसैगरी पद्मसम्भव पनि नेपाल भएरै भोट पुगी मानसम्मान पाउन सफल भए।

यसैगरी नेवारी पण्डित महान् ज्ञानी (स्थानीयले दिएको नाम ग्रेटमर्सी तर खास नाम अज्ञात)ले त भोटबाट फर्कदा एक हजार औंस सुन दक्षिणा नै पाएका थिए। सातौं शताब्दीमा नै कुती र केरुङ मार्ग प्रचलनमा आएपछि चीनका भारत भ्रमण गर्ने तीर्थयात्री एवं भिक्षुहरू नेपाल भएर नै जाने आउने गरेका दृष्टान्त पाइन्छन्। सोही शताब्दीमा नै नेपाली राजकुमारी भृकुटीले ल्हासामा झोकाङ मन्दिर निर्माण गराएकी थिइन्। उक्त मन्दिरको निर्माण नेपाली कालीगढहरूले गरेको अनुमान गरिएको छ। सोही समयदेखि नेपाली कालीगढ, कलाकार, वास्तुकलाविद् जस्ता जनशक्तिको माग भोटमा हुने गरेको थियो। भोटमा रहेको प्रसिद्ध साक्या(स्याक्या) गुम्बाहरू बौद्ध धर्मालम्बीका लागि आकर्षणको केन्द्र थियो र नेपालका भिक्षु बाँडाहरूलाई उक्त गुम्बा गन्तव्यस्थल थियो।

तेह्रौं शताब्दीमा चीनलाई आफ्नो हातमा नचाउन सफल चंगेज खाँसमेत साक्या गुम्बा र सम्बन्धित धार्मिक मठबाट निकै प्रभावित भएका थिए। यिनै चंगेजका नाति कुब्लाई खाँ सर्वत्र दिग्विजय गरी शक्तिशाली बादशाह हुन पुगेका थिए। उनले साक्या गुम्बाका संघनायक नाम गरेका व्यक्तिसँग बौद्ध धर्मदर्शनको दीक्षा लिए। यिनै कुब्लाई खाँको आदेशमा साक्या गुम्बाका प्रमुखले सोही स्थानमा सुवर्ण चैत्य निर्माण गर्न नेपालका राजालाई १०० जना वास्तुकलाकार/शिल्पकार पठाइदिन अनुरोध गरे। सोहीअनुसार नेपालका मल्ल राजा जयभीम मल्ल (अनन्त मल्ल) ले कालीगढको एक टोली भोट पठाइदिए। यस टोलीको नेतृत्व अरनिकोले गरेका थिए।

अरनिकोले नेपालमा छँदा नै वास्तुकलाका विविध पक्षमा दक्षता हासिल गरिसकेका थिए भन्ने अनुमान हुन्छ। नेपालबाट जाने सबै कालीगढहरू नेवार समुदायकै बौद्धमार्गी भएको अनुमान गर्न सकिन्छ। यी नेपाली कलाकारहरू नेपालको कुन स्थानबाट कुन-कुन सर्तमा के-कसरी गए भन्ने कुनै ऐतिहासिक दस्तावेज उपलब्ध छैन। नेपाली कलाकारहरू अरनिकोको निर्देशनमा साक्या गुम्बाको सुवर्ण चैत्य निर्माण गरी सुनका मसीले कंग्युर र तंग्युरजस्ता बौद्धधर्म कृतिहरू उतार गरी शाक्यमुनि बुद्धको सुवर्ण मूर्ति, सुवर्ण चैत्य र अनेकौं बौद्ध मूर्ति बनाएको चर्चा सत्यमोहन जोशीले गरेका छन्, यो समय सन् १२६० आसपासको थियो।

अरनिकोको प्रतिभा, कार्यदक्षता तथा सीपबाट साक्या गुम्बाका संघनायक पाहसपाले उनलाई कुब्लाई खाँको दरबार पेचिङ लिएर गए। अरनिकोका अतिरिक्त कति जना कलाकार तिब्बत गएका थिए भन्ने कुराको तथ्य उपलब्ध छैन। संघनायकद्वारा अरनिकोको प्रतिभा र अभूतपूर्व कलाकारिताको प्रशंसा सुनेका सम्राट कुब्लाई खाँ अरनिकोबाट प्रभावित भए। उनले बिग्रेर थन्किएको एउटा ढलोटको मूर्ति मर्मत गर्ने आदेश दिए।

अरनिकोले तत्परताका साथ आफूलाई प्रदान गरिएको दायित्व पूरा गरी ढलोटको मूर्तिलाई मर्मत गरी आफ्नो सीप र दक्षताको परिचय दिए। यस कार्यबाट बादसाह प्रसन्न भई बेइजिङको श्वेत चैत्य महानिर्माण गर्ने दायित्व प्रदान गरे। अरनिकोकै नेतृत्वमा सन् १२७१ मा कार्य प्रारम्भ गरी आठ वर्ष लगाएर सो योजना पूरा भयो। यसपछि अर्को आठ वर्ष लगाएर उक्त चैत्यको परिसरमा नै एक बौद्ध विहार निर्माण गरे। यसपछि अरनिकोले चीनका अन्य प्रान्तमा पनि बौद्ध मूर्ति एवं कलाकृतिबाट सजिएका बौद्ध विहार बनाएका थिए। उक्त समयसम्म अरनिकोले धेरै चिनियाँहरूलाई ढलोटकलामा दक्ष कालीगण बनाइसकेका थिए। कुब्लाई खाँले अरनिकोको कौशल र सीपको सम्मान गर्दै वास्तुकला प्रमुखमा नियुक्त गरे।

उनले चिनियाँ युवतीसँग विवाह गरेर चिनको राजधानीमा घरजम गरी बस्न थाले। त्यहाँको सरकारी सेवामा कार्यरत रहँदाको अवस्थामा नै ६२-६३ वर्षको उमेरमा उनको देहान्त भयो। त्यस बेलासम्म उनका छोराहरू पनि बाबुको काँध थाप्न सक्ने हैसियतमा पुगिसकेका थिए। भनिन्छ, अरनिकोपश्चात् उनैका छोराहरू वास्तुकला विभागमा कार्यरत रहे।

अरनिको केबल वास्तुकलाविद् मात्र थिएनन्, उनी त एक कुशल चित्रकार पनि थिए। उनले बनाएको कुब्लाई खाँको मुहारचित्र र साम्राज्ञीको छविचित्र ताइवानको ताइपे संग्रहालयमा सुरक्षित रहेको तथ्य मीनबहादुर शाक्यले पत्ता लगाई सोको छायाप्रति पनि उपलब्ध गराए। जुन नेपाल आर्ट काउन्सिल बबरमहल ग्यालरीमा सजाइएको छ। अरनिकोको मृत्युपश्चात् चिनियाँ सम्राटले उनलाई मरणोपरान्त प्रदान गरिने विशेष सम्मान ‘मिङ हुई’ सम्मानबाट श्रद्धाञ्जली दिएका थिए। आजसम्म चीनमा उनका कलाकृतिहरू देख्न सकिन्छ। बेइजिङमा उनको समाधिस्थलमा सन् १३११ मा खडा गरिएको कीर्तिस्तम्भ नै उनको जीवनी र कार्यका विषयमा जानकारी दिने एक भरपर्दो स्रोत हो।

अरनिकोका विषयमा नेपाली स्रोत मौन रहँदा कतिपय प्रश्न हालसम्म अनुत्तरित नै छन्। सही उत्तर पाउन पनि मुस्किल नै होला। अरनिकोको खास नाम के थियो भन्ने विषयमा पनि अलमल छ, कसैले अनिको वा अरनिक भनेका छन् त कसैले उनको नाम चिनियाँ भाषामा उच्चारण गर्दा अरनिको भएको चर्चा गरेका छन्। बाबुराम आचार्यले उनको नाम बलबाहु भएको जनाएका छन्। उनको जन्म कहिले भएको हो र सन् १२४४ मा भोट जाँदा उनी कति वर्षका थिए भन्ने पनि यकीन हुन सकेको छैन।

चीनमा रहँदा अरनिकोले धेरै जनासँग विवाह गरेका थिए। उनले कति श्रीमतीलाई त पारपाचुके पनि दिएका थिए भन्ने कथन पनि छ। मृत्युकालीन समयमा उनका नेपाली श्रीमतीबाहेक दुई मंगोलियन र सात चिनियाँ श्रीमती रहेको उल्लेख पाइन्छ। उनले नेपालबाट श्रीमती लिएर भोट जान सम्भव देखिँदैन किनकि भोट जाने कसैले पनि श्रीमती लिएर गएको प्रमाण भेटिँदैन।

उनका छोराछोरी चीनमै बसोबास गरेका र नेपालसँग कुनै सम्पर्क नभएको अनुमान हुन्छ। अरनिकोले देहत्याग गरेका थिए भन्नेसम्मका टिप्पणी पनि गरिएको पाइन्छ। उनी नेपालको कुन ठाउँबाट गएका हुन् भन्ने यकीन हुन सकेको छैन ललितपुरमा कालीगढी कलाकारहरूको बाहुल्य रहेकाले सोही ठाउँबाट उनी भोट गएको अनुमान बाबुराम आचार्यले गरेको हुनसक्छ। भोट तथा चीनमा प्रसिद्धि कमाएका नेपाली कलाकार अरनिकोका विषयमा नेपालमा कुनै ऐतिहासिक प्रमाण नपाइनु साँच्चिकै खड्किने विषय हो। चिनियाँ स्रोतले प्रवाह गरेको सूचनाको आधारमा उनको योगदानको चर्चा गरिएको धेरैपछि मात्र नेपालमा अरनिकोको विषयमा चर्चा परिचर्चाहरू हुन थालेको हो।

जे होस् अरनिकोलाई राष्ट्रिय विभूतिको सम्मान दिनु, उनकै नामबाट कोदारी राजमार्गको नामकरण हुनु, उनको नाममा हुलाक टिकट प्रकाशन हुनु तथा पाटनमा उनको पूर्णकदको सालिक निर्माण हुनु निश्चय नै इतिहासलाई सम्मान दिने कार्य हुन्। अरनिको नेपाल-चीन सम्बन्धलाई उचाइमा पुर्‍याउने धर्तीपुत्र हुनुका साथै चीनमा सबैभन्दा ठूलो सम्मान, पद र प्रतिष्ठा पाउने पहिलो नेपाली पनि हुन्। नेपालको वास्तुकला विश्वको रंगमञ्चमा फैलाउने कला सारथिका रूपमा प्रतिष्ठाप्राप्त व्यक्ति हुन् यस्ता महान् विभूतिको स्मृति जयन्ती मनाइरहँदा सबै नेपाली सम्मानित भएका छन्। चीनको पहिलो सांस्कृतिक दूत अरनिकोप्रति हार्दिक श्रद्धाञ्जलि! *रासस*

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ। जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ। अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ।

अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने।

मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने। मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने। सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने। यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस्। तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस्।

अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने। अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस्। कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने। आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने। प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने। उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन्।

## पाठक मञ्च

# नयाँ भन्नेहरु पनि पुरानैको बाटोमा !

देशभर १३५ वटा मालपोत कार्यालय छन्। मालपोतबाट खेतीयोग्य जमिन धमाधम कित्ताकाट भइरहेको छ भने भूमाफिया, दलाल, कानुन व्यवसायी, सरकारी कर्मचारी वा राजनीतिक आडमा सरकारी, सार्वजनिक, गुठी, ऐलानी, वनजंगल मठमन्दिर, खोला नदी, ट्रस्टलगायतको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने काम भइरहेको छ।

सरकारी सम्पत्तिको संरक्षण गर्नु सरकारी कर्मचारीको दायित्व हो। त्यसैले, कर्मचारीलाई राष्ट्रसेवक भनिने गरिन्छ। विडम्बना, तिनै कर्मचारी र जनप्रतिनिधिहरूको मिलेमतोमा सरकारी सम्पत्ति व्यक्तिको नाममा लैजाने काम भइरहेको छ। पहिलोपटक २०२१ सालमा भूमि ऐन आएको छ। ऐन आएपछि देशभर जग्गा नापजाँच गरियो। ०२१, ०२८ र ०३२ सालमा जग्गा नापजाँच गरेर जनताको जग्गा जनतालाई नै दिइयो।

नापजाँच गरेर बाँकी रहेका सबै जग्गा सरकारी कायम गरियो। ०४६ सालमा मुलुकमा राजनीतिक परिवर्तन भयो। पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आयो। राजनीतिक दलहरूको नेतृत्वमा सरकार बन्यो। अनि प्रमुख दल नेपाली कांग्रेस, नेकपा एमाले, मजदुर किसान पार्टी, मधेसी दललगायतले सबै सरकारी जग्गा आफ्नो कार्यकर्ताको नाममा लगे।

शोषक, सामान्तीको अन्त्य गर्न भन्दै ०५२ फागुन १ गते माओवादी जनयुद्धमा होमिए। त्यसक्रममा सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, राजपरिवारलगायतको जग्गामा माओवादीले आफ्नो झण्डा गाड्यो। १० वर्ष चलेको जनयुद्धमा १७ हजार जनता मारिए। हजारौं घाइते, अंगभंग र बेपत्ता भए। खर्बौंको सरकारी तथा निजी सम्पत्ति खरानी बन्यो।

०६३ सालमा माओवादी शान्ति वार्तामा आए। अनि जनयुद्धको बेला शोषक, सामान्ती विरोधी नारा लगाएको माओवादी आफैं त्यही बाटोमा हिँड्यो। जनयुद्ध चल्दा आफ्नो झण्डा गाडेको सबै सरकारी जग्गा माओवादीले आफ्नो कार्यकर्ताको नाममा पास गरायो। यतिमात्र होइन, खोला नदीलगायतको जग्गासमेत कब्जा गर्‍यो। पुराना दलहरूपछि नयाँ भनाउँदाहरू पनि त्यँही बाटोमा हिँडेका छन्।

रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता, कार्यकर्तासहित जेन-जीहरूसमेत सरकारी जग्गा आफ्नो नाममा दर्ता गराउन मालपोत कार्यालय धाइरहेका छन्। पुराना होस् या नयाँ दुवै फटाहा छन्। पुराना दलहरूले भ्रष्टाचार गरे, सरकारी सम्पत्ति दोहन गरे, नेपाली भूमि विदेशीलाई बेचे। नयाँ भनाउँदाले त देशै सिध्याए। आन्दोलनको नाममा देश खरानी पारे। सहकारीमार्फत जनताको रकम पचाए।

तर, अझैं पनि हामी देश बनाउँछौं भन्दै ठूल्ठूला भाषण गर्छन्। जनताले कहिल्यै राम्रो र नराम्रोबीच फरक छुट्याउन सकेनन्। हिजो राजाले जनताका लागि दरबार नै छोडे। राजा हुँदा न सरकारी सम्पत्ति कसैले कब्जा गरेको थियो न मुलुकमा विदेशी हस्तक्षेप थियो। न त हाम्रो सीमाना मिच्ने आँट छिमेकीले गरेको थियो।

राजनीतिक दलहरूले राजाले मात्र खाए, हामीले खान पाएनौं भन्ने डाहामा आन्दोलन गरे। जनता उचाले। जनता पनि उनीहरूले विश्वासमा परेर राजा फ्याँक्न लागे। अन्ततः जनतासामु राजाले आत्मसमर्पण गरे। र, दरबार नै छोडेर जंगल पसे। राजाले श्रीपेच त्यागेपछि धेरै सोचेका थिए कि अब नेपाल अमेरिका, अस्ट्रेलिया बन्छ। नेताहरूले त हामी नेपाललाई सिंगापुर बनाउँछ भन्दै ठूल्ठूला भाषण पनि गरेका थिए।

तर, देश अमेरिका, अस्ट्रेलिया, सिंगापुरचाहिँ होइन, खरानी बन्यो। राजनीतिक दलहरू भ्रष्टाचारमा लीप्त बन्दा जनताले कतै नपाएको दुःख पाए। दलहरू आफ्नो स्वार्थ पूरा गर्नतिर मात्र लागे। जनतामा आक्रोश बढ्यो, निराशा बढ्यो अनि त्यसको फाइदा उठाउँदै दलहरूले केही गरेनन् भन्दै नयाँ भनाउँदाहरू पलाए। राजनीतिमा होमिए। जनता पनि पुराना दलबाट वाक्क दिक्क भएकाले नयाँलाई जिताए।

नयाँले देश बनाउँदा भनेर धेरैले विश्वास गरेका थिए। दुर्भाग्य नयाँ भनाउँदाहरूको झन् काण्डैकाण्ड। कहिले विदेशी नागरिकता त कहिले सहकारीमार्फत अर्बौं ठगेको मुद्दा। सबै दल काण्डमा मुछिएपछि गत भदौ २३ र २४ गते जेन-जी पुस्ताले आन्दोलन गरे। भ्रष्टाचार अन्त्यका निम्ति भन्दै गरिएको आन्दोलनमा झण्डै ८० जनाले ज्यान गुमाए। नयाँ पुस्ताको देशप्रतिको प्रेम हेर्ने रहर सबैलाई थियो।

तर, उनीहरूले त देश बाँकी नै राखेनन्। जलाएर खरानी पारिदिए। आन्दोलनका नाममा सरकारीदेखि निजी सम्पत्तिसम्ममा आगो झोसे। अहिले मुलुक इतिहासकै गम्भीर मोडमा पुगेको छ। नेपाल सदियौं पछाडि धकेलिएको छ। अब भनौं, राजतन्त्र अन्त्यको झण्डै दुई दशकमा देश बन्यो कि सिद्धियो। अहिले देशभरको सरकारी सम्पत्ति गायब भएको छ। सबैतिर व्यक्तिको कब्जा छ। राज्य रित्तो छ, सीमित व्यक्तिहरू मोटाएका छन्।

**-रुषा थापा**, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ढुंगाको बगैंचा** | तनहुँको भिमाद नगरपालिका-९ मोहरियास्थित घांच ल्हुम (अग्लो ढुंगा) को बगैंचा । यस ठाउँ पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा परेको छ । *तस्बिर: रासस*

# फोक्सिङटारको अस्थायी बेलिब्रिज सञ्चालनमा

**खोटाङ-** सगरमाथा लोकमार्गअन्तर्गत दिक्तेल-गाईघाट सडकखण्डको सुनकोशी नदीस्थित फोक्सिङटारमा जडान गरिएको अस्थायी बेलिब्रिज सञ्चालनमा आएको छ । खोटाङको खोटेहाङ गाउँपालिका-९ लिच्कीराम्चे र उदयपुरको रौतामाई गाउँपालिका-५ आँपटार जोड्ने सुनकोसीको फोक्सिङटारमा मोटरेबल पक्की पुल बाढीले बगाएपछि अस्थायी बेलिब्रिज जडान गरेर सञ्चालनमा ल्याइएको हो ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट पूर्वी तराईका जिल्लासँग सीधा यातायात सञ्चालन गर्नेगरी जडान गरिएको अस्थायी बेलिब्रिज आइतबारदेखि सञ्चालनमा आएको गाईघाट-दिक्तेल सडक योजना कार्यालयले जनाएको छ । फोक्सिङटारमा अस्थायी बेलिब्रिज जडान भएपछि विगत छ महिनादेखि अवरुद्ध पूर्वी तराईका जिल्ला जोड्ने दिक्तेल-गाईघाट सडकमा सीधा यातायात सुरु भएको छ ।

फोक्सिङटारको अस्थायी बेलिब्रिज सञ्चालनमा आएसँगै घुर्मी-कटारी हुँदै घुमाउरो मार्ग प्रयोग गर्नुपर्ने बाध्यता हटेको खोटाङ यातायात प्रालिका महासचिव रामकुमार हिङ्माङले जानकारी दिए । 'फोक्सिङटारको अस्थायी बेलिब्रिज सञ्चालनमा आएपछि करिब तीन घण्टाको दूरी छोटो भएको छ, यसले यातायात व्यवसायी र यात्रु दुवैलाई फाइदा हुन्छ,' उनले भने, 'यो दीर्घकालीन समाधान होइन, यसतर्फ सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।'

फोक्सिङटारमा अस्थायी बेलिब्रिज जडान गर्ने ठेक्का एमए/एस आर्यन कन्स्ट्रक्सन मल्टी पर्पोज प्रालि कटारी-३ ले लिएको थियो । मूल्य अभिवृद्धि कर (भ्याट)सहित ९६ लाख ७७ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेर फोक्सिङटारमा अस्थायी बेलिब्रिज जडान गरिएको योजना कार्यालयका सूचना अधिकारी इञ्जिनियर सुभासकुमार तिवारीले जानकारी दिए ।

> गत वर्ष असोज १२ गते राति आएको अविरल वर्षाका कारण सुनकोसी नदीमा आएको भीषण बाढीले फोक्सिङटारको १२० मिटर लामो मोटरेबल पक्की पुल बगाएको थियो । फोक्सिङटारको मोटरेबल पक्की पुल बाढीले बगाएपछि दिक्तेल-गाईघाट सीधा यातायात पूर्णरूपमा विच्छेद भएको थियो ।

गत वर्ष असोज १२ गते राति आएको अविरल वर्षाका कारण सुनकोसी नदीमा आएको भीषण बाढीले फोक्सिङटारको १२० मिटर लामो मोटरेबल पक्की पुल बगाएको थियो । फोक्सिङटारको मोटरेबल पक्की पुल बाढीले बगाएपछि दिक्तेल-गाईघाट सीधा यातायात पूर्णरूपमा विच्छेद भएको थियो ।

करिब १३ वर्ष लगाएर निर्माण भएको आर्क डिजाइनको पुल बाढीले बगाएपछि गत वर्षको पुसमा जडान गरिएको बेलिब्रिज वर्षायाम सुरु भएसँगै निकालिएको थियो । बेलिब्रिज निकालिएसँगै यातायात सेवा विच्छेद भएपछि पूर्वी तराई आवतजावत गर्ने यात्रु झोलुंगे पुलमार्फत गन्तव्यमा पुग्ने गरेका थिए ।

फोक्सिङटारमा पुनःमोटरेबल पक्की पुल निर्माणका लागि आवश्यक बजेट सुनिश्चित भएको बताइए पनि अहिलेसम्म कुनै प्रक्रिया अगाडि बढेको छैन । फोक्सिङटारमा मोटरेबल पक्की पुल पुनर्निर्माण नभएसम्म खोटाङवासीको समस्या यथावत रहिरहने उद्योग वाणिज्य संघ खोटाङका अध्यक्ष राजनप्रसाद आचार्यले बताए ।

सुनकोसीकै बंशिलाघाटमा स्थायी बेलिब्रिज जडानको काम धमाधम भइरहेको छ । खोटाङको बराहपोखरी गाउँपालिका-५ पौवासेरा र उदयपुरको चौदण्डीगढी नगरपालिका-१ चौदण्डीगढीको सीमानामा पर्ने सुनकोसीस्थित बंशिलाघाटमा कोसी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयको ५७ लाख रूपैयाँ लगानीमा अस्थायी बेलिब्रिज जडानको काम सुरु गरिएको हो । गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स प्रालिले जडानको जिम्मा लिएको बंशिलाघाटको अस्थायी बेलिब्रिज पुस पहिलो हप्ताभित्र सम्पन्न गरेर सञ्चालनमा ल्याउने सम्झौतामा उल्लेख छ । आगामी २०८३ जेठ पहिलो सातासम्म सञ्चालन गर्नेगरी जडान सुरु गरिएको अस्थायी बेलिब्रिजको लम्बाई ५१.८१ मिटर लामो छ ।

बंशिलाघाटको अस्थायी बेलिब्रिजका लागि आवश्यक सामग्री कोसी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले एक करोड ८७ लाख रूपैयाँमा खरिद गरेर पूर्वाधार विकास कार्यालयलाई हस्तान्तरण गरेको कार्यालय प्रमुख विनम दाहालले जानकारी दिए । लामो समयदेखि झोलुंगे पुलमार्फत आवतजावत गर्दै आएका दक्षिणी क्षेत्रका स्थानीय बासिन्दा ढिलै भए पनि बंशिलाघाटमा अस्थायी बेलिब्रिज जडान हुने भएपछि हर्षित भएका छन् ।

मोटरेबल पक्की पुल निर्माण भइरहेको बंशिलाघाटमा अस्थायी बेलिब्रिज जडानका लागि खोटाङका बराहपोखरी र जन्तेढुंगा गाउँपालिका तथा उदयपुरको चौदण्डीगढी नगरपालिकाका जनप्रतिनिधिले संघीय सरकारसँग माग गरेका थिए । बंशिलाघाटमा अस्थायी बेलिब्रिज जडानका लागि संघीय सरकारले बजेट उपलब्ध नगराएपछि प्रदेश सरकारको लगानीमा जडानको काम सुरु गरिएको बराहपोखरी गाउँपालिका प्रमुख सालिकराम बञ्जराले जानकारी दिए ।

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने स्थानीय तहका स्थानीयवासीको समस्यालाई मध्यनजर गर्दै बंशिलाघाटमा मोटरेबल पक्की पुल निर्माणको काम सुरु गरिए पनि त्यसले अहिलेसम्म खासै गति लिन सकेको छैन । तीन वर्ष आठ महिनाभित्र बनाइसक्ने गरी कालिका-बेदान्सी जेभीले २०७७ पुस २८ गते ठेक्का सम्झौता गरेर निर्माण सुरु गरेको मोटरेबल पक्की पुलको पिलर ठड्याउने काममात्र भएको स्थानीय बताएका छन् । *रासस*

**ढोरपाटनका विद्यार्थीको पीडा**

# कठ्यांग्रिँदै पढ्नुपर्ने बाध्यता

**ढोरपाटन (बागलुङ)-** अत्यधिक चिसो बढेपछि ढोरपाटनमा खोला र धारमा पानी जम्न थालेको छ । बिहानपख तुसारोले बाटो छेक्दा हिँड्डुलमा पनि समस्या हुने गरेको छ । बिहानमा तुसारो पर्ने र दिउँसो सिरसिर चलिराख्ने सेरेटोले स्थानीयको दैनिकी प्रभावित बनेको छ । यस्तो चिसोमा पनि यहाँका विद्यालय सञ्चालनमा छन् । केही विद्यालय घुम्ती पढाइका लागि बेँसी झरे पनि ज्योति विकास माध्यमिक विद्यालयका र सिद्ध प्राथमिक विद्यालय अहिले पनि यहीँबाट सञ्चालित छन् ।



चिसोमा पढाइ हुँदा विद्यार्थीले सास्ती खेप्नुपरेको छ । चिसोले विद्यार्थी र शिक्षक बिरामी पर्दा पठनपाठन प्रभावित हुने गरेको छ । ढोरपाटन नगरपालिका-९ चिसापानीस्थित ज्योति विकास माबि तथा छेन्तुङस्थित सिद्धबराह प्राविका विद्यार्थी र शिक्षक बिरामी पर्न थालेपछि पठनपाठन प्रभावित बनेको छ ।

ढोरपाटनमा बिहानमा बाक्लो तुसारो पर्ने र दिउँसोमा चिसो सिरेटोले विद्यार्थीलाई ज्वरो, रुघाखोकीसहित निमोनिया हुने समस्या देखिँदा पढाइ प्रभावित बनेको ज्योति विकास माबि प्रधानाध्यापक चकबहादुर अदैले जानकारी दिए । चिसोका कारण धारो र खोलामा पानी जमेको छ ।

अघिल्लो वर्ष पुस पहिलो सातादेखि माघ अन्तिम सातासम्म बिदा हुने गरे पनि यसपाली नगरपालिकाको वार्षिक क्यालेण्डरअनुसार चल्दा समस्या भएको प्रअ अदैले बताए । ढोरपाटनमा सञ्चालित जनवादी आधारभूत विद्यालय र सहलथान प्राथमिक विद्यालयले घुम्ती पठनपाठन सुरु गरेका छन् । जनवादीले ढोरपाटन-९ बिजौले र सहलथानले वडा नं ८ को नौघर टोलाबाट पढाइ सञ्चालन गरेका छन् ।

अघिल्ला वर्षमा बर्खे बिदाको समयमा पठनपाठन गर्ने र हिउँदमा विद्यालय बन्द गर्ने गरेका भए पनि यस वर्ष चिसोमा कठ्यांग्रिँदै कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको प्रअ अदैले बताए । अघिल्लो वर्षदेखि कक्षा १० सञ्चालन गरेको भन्दै यो याममा पोखरामा लगेर ट्युसन पढाएको उनको भनाइ छ । गत वर्षदेखि कक्षा १० सञ्चालन भएको यस विद्यालयमा अहिले १६८ विद्यार्थी अध्ययनरत छन् ।

'चिसोले पानी जमेको छ, बालबालिका बिरामी पर्ने गरेका छन्, एकैदिन १५-२० विद्यार्थी बिरामी हुँदा पठनपाठनमा समस्या हुने गरेको छ, पोहोरपरार त यो बेलामा बिदा हुन्थ्यो,' उनले भने, 'पहिले बर्खामा पढाउने र यो बेला बन्द गर्ने गथ्यौं, हिउँदमा पठनपाठन गर्न थालेको यसपालि पहिलोपटक हो, तर निकै गाह्रो भइरहेको छ ।'

चिसोका कारण हातखुट्टा कठ्यांग्रिँदा पढाइप्रति ध्यानै नजाने कक्षा १० मा अध्ययनरत छात्रा ओममाया विकले बताइन् । जाडोले विद्यालय जावतजावत गर्न गाह्रो हुने गरेको उनको भनाइ छ । जाडोका कारण पुस लागेपछि दुई-तीन पटक बिरामी परेको विकले बताइन् । ढोरपाटनमा अधिकांश विपन्न वर्गका बालबालिकाले पढ्ने गर्छन् । ढोरपाटन नगरपालिकाका सहायक शिक्षा अधिकृत ज्ञानेन्द्रप्रकाश सापकोटले विद्यालयसँग सहकार्य गरेर वैकल्पिक उपाय खोज्ने बताए । शिक्षकहरूकै राय लिएर वार्षिक क्यालेण्डर बनाएको उनको भनाइ छ । *रासस*

# लोप हुँदै थारु समुदायको 'ढुम्री' नाच

**तुलसीपुर (दाङ)-** थारू समुदायले माघीको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन रातभर ढुम्री नाच्ने चलन थियो । गाउँका थारू समुदायका अगुवा वा महतवाको घरमा जम्मा हुने र रातभर ढुम्री गीत गाउने र नाच्ने चलन थियो । गीत गाउने, नाच्ने र रातभर आगो ताप्ने चलन थियो ।



'यो हाम्रो संस्कार हो,' थारू अगुवा आशाराम चौधरीले भने, 'रातभर नाचगान गर्ने र बिहान त्यही ढुम्री गीत गाउँदै नदी तथा खोलामा गएर नुहाउने गरिन्थ्यो । नुहाइसकेपछि महतवाले सबैलाई टीका लगाइदिने र पुनः महतवाकै घरमा पुग्ने चलन थियो ।' महतवाका घरमा पुगेपछि सबै आ-आफ्नो घरमा जाने चलन भए पनि पछिल्लो समय यो चलन हराउँदै गएको थारू अगुवा चौधरीले बताए । 'पुर्खाहरूले यस्तो चलन अपनाउनु हुन्थ्यो,' उनले भने, 'तर अहिले नयाँ पुस्ताले यो कुरा चटक्कै छोड्नुभएको छ ।'

यस्तो चलन हराउँदै गएको २०-२५ वर्ष भइसकेको तुलसीपुर-१८ का फुलाराम चौधरीले बताए । 'पहिलेपहिले उहाँहरूले यसरी ढुम्री नाच नाच्नुहुन्थ्यो । तर अहिले नाच्न छोडियो,' उनले भने । नयाँ पुस्तालाई यो नाचका बारेमा जानकारी नहुँदा पनि समस्या हुने गरेको नमूना भुहचारथान तुलसीपुरका अध्यक्ष रामशरण चौधरीले बताए । उनका अनुसार यो नाचले थारू समुदायको एकताको भावना जागृत गर्ने भन्दै यसलाई संरक्षण गर्न लागिएको छ ।

'हाम्रो संस्कार, संस्कृति नभई थारू समुदायलाई एक भएको सन्देश दिने कुरा पनि हो, तर यो लोप हुने अवस्थामा छ, यसलाई संरक्षण गर्नुपर्छ, भनेर हामी लागिपरेका छौं,' उनले भने । यो नाच लोप भएपछि प्रत्येक वर्ष कार्यक्रम गरी नाच संरक्षणमा लागेको उनले बताए । यसले नयाँ पुस्तामा नाचका बारेमा जानकारी हुने उनको भनाइ छ । *रासस*

# धनुषामा ४५२७ निर्वाचन प्रहरी भर्ना गरिने

**धनुषा (प्रस)-** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि धनुषामा चार हजार ५२७ जना निर्वाचन प्रहरी भर्ना गरिने भएको छ । जिल्ला प्रशासन कार्यालयले धनुषाका चार निर्वाचन क्षेत्रमा खटाउन योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरेको छ ।

निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालसँग समन्वय गर्दै निर्वाचन प्रहरीका लागि आवेदन प्रक्रिया सुरु गरेको हो । सूचनाअनुसार निर्वाचन प्रहरी पदमा आवेदन दिन इच्छुक व्यक्ति १८ वर्ष पूरा भइसकेका र ५४ वर्ष ननाघेका नेपाली नागरिक हुनुपर्ने छ । आवेदन दिने अन्तिम मिति आगामी माघ १ गतेसम्म तोकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

निर्वाचन प्रहरीको कार्यअवधि नियुक्ति मितिदेखि ४० दिन रहने छ वा नेपाल सरकारले तोकेअनुसार हुने छ । सेवा सुविधाअन्तर्गत प्रतिदिन ८६९ रूपैयाँ ४० पैसाका दरले ४० दिनको पारिश्रमिक ३४ हजार ७७६ रूपैयाँ प्रदान गरिने सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले जानकारी दिए । उनका अनुसार योसँगै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेटअनुसार खाद्यान्न खर्च पनि उपलब्ध गराइने छ ।

सहायक प्रमुख जिल्ला अधिकारी दाहालद्वारा हस्ताक्षरित सूचनामा निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुरक्षितरूपमा सम्पन्न गराउन पर्याप्त संख्यामा निर्वाचन प्रहरी परिचालन गरिने तयारी भइरहेको उल्लेख छ ।


WATER SUPPLY NEPAL CORPORATION 2046

## Nepal Water Supply Corporation
### Branch Office Dhangadhi

## Invitation for Electronic Bid

**Date of Publication: 12-01-2026 (B.S 2082/09/28)**

*Nepal Water Supply Corporation, Branch Office Dhangadhi* invites electronic bids from Nepalese eligible bidders for the followings works under National Competitive Bidding. A complete set of Bidding Documents can download from PPMO's website: www.bolpatra.gov.np/egp.

| S. N | Project Title | Invitation for Bids No: | Cost of Bid Document(NRs) | Bid Security Amount(NRs) | Estimated Amount (NRs) (Inclusive of VAT and P.S) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Two 300/200mm dia Deep Tubewell to a depth of 200 m | NWSC-DHI/ 082/83/NCB/ Works-03 | 3,000.00 | 230000.00 | 9591031.72 | 11-02-2026, 12:00. | 11-02-026, 14:00 |
| Bank A/C Details | | | To Deposit the Cost of Bidding document & Bid security amount<br>Name of Bank: Kumari Bank Ltd.<br>Bank Address: Dhangadhi Branch<br>Account Name: Nepal KhanePani Sansthan-Anya Dharauti Account Number: 0280020233800001 | | | | |

# प्रभाव दैनिक

रूपशाला

सोमबार, २८ पुस २०८२ (Monday, 12 January 2026)


## 'कुटुम्ब'को भव्य लाइभ म्युजिक

म्युजिकल ब्याण्ड 'कुटुम्ब'ले काठमाडौंमा लाइभ म्युजिक प्रस्तुत गरेको छ । शनिबार साँझ बूढानीलकण्ठको चुनिखेल कौडोलस्थित '२९ रिसोर्ट एण्ड फार्म हाउस'मा कुटुम्बको लाइभ म्युजिक प्रस्तुति भएको हो । नेपाली रैथाने तथा नेवारी संगीतको प्रवर्द्धन गर्दै आएको 'कुटुम्ब'ले उक्त फार्म हाउसमा साँझ करिब ५ बजेदेखि राति ९ बजेसम्म सांगीतिक प्रस्तुति प्रस्तुत गरेको थियो ।



# आँखारोग विशेषज्ञ श्रेष्ठको एकल कला प्रदर्शनी



**काठमाडौं (प्रस)–** वरिष्ठ आँखारोग विशेषज्ञ डा. सविना श्रेष्ठ 'विजुच्छे' को एकल कला प्रदर्शनी संघीय राजधानीस्थित नेपाल कला परिषद्मा जारी छ । पाँच दिनसम्म चल्ने कला प्रदर्शनीको शनिबार वरिष्ठ चित्रकार हरिप्रसाद शर्माले शुभारम्भ गरेका हुन् ।

डा. श्रेष्ठले आफ्नो प्राध्यापन र चिकित्सा पेसाका अलावा विगत एक दशकदेखि सिर्जना गरेका १२५ कलालाई प्रदर्शनीमा राखेकी छन् । वरिष्ठ चित्रकार शर्माले डा. श्रेष्ठले कलामार्फत देश र समाजलाई नयाँ सिर्जना दिएको बताए । कलाका माध्यमबाट मुलुकलाई समृद्ध बनाउन सकिने उनको भनाइ थियो । 'नेपाली कलाको विकास, उन्नति र प्रचारका क्षेत्रमा नेपाल कला परिषद्ले खेलेको भूमिका सराहनीय छ,' उनले भने ।

वरिष्ठ कलाकार के.के. कर्माचार्यले कला क्षेत्रको विकासमा डा. श्रेष्ठको कलाले नयाँ इँटा थपेको बताए । आफ्ना अनुभूति र आफूलाई मनमा लागेको कुरालाई प्रस्तुत गर्ने माध्याम कला भएको उनको भनाइ थियो । नेपाल ललितकला क्याम्पसका पूर्वक्याम्पस प्रमुख गोविन्द डंगोलले कलामा पनि उज्ज्वल भविष्य भएकाले यसलाई निरन्तरता दिन आग्रह गरे ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालबाट आँखा विषयमा विशेषज्ञता हासिल गरेकी डा. श्रेष्ठ नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको नेत्र विशेषज्ञ तथा मेडिकल निर्देशकसमेत हुन् । भारतबाट बाल आँखा रोगमा थप अध्ययन गरेकी उनी हाल काठमाडौं मेडिकल कलेजमा प्राध्यापकको रूपमा कार्यरत छिन् ।

उनले यसअघि २०७८ मा 'भाइब्रेसन' शीर्षकमा एकल कला प्रदर्शन गरेकी थिइन् । अहिले 'अन्तरमनको प्रस्फुटन' शीर्षकमा कला प्रदर्शन गरेकी हुन् । डा. श्रेष्ठका तीनवटा कविता संग्रह र जीवनमा आधारित पुस्तक 'एउटा जीवन छामेर हेर्दा' प्रकाशित भइसकेका छन् । डा. श्रेष्ठले आफ्ना श्रीमान् डा. विनोद विजुक्छे र छोरा आरभ विजुक्छेको साथ र सहयोगले आफू कला क्षेत्रमा लाग्ने अवसर प्राप्त गरेको बताइन् ।

# रहेनन् गायक प्रशान्त तामाङ



**काठमाडौं (प्रस)–** गायक एवं कलाकार प्रशान्त तामाङको ४२ वर्षको उमेरमा आइतबार हृदयाघातका कारण निधन भएको छ । पारिवारिक स्रोतका अनुसार आइतबार बिहान दिल्लीको आफ्नै अपार्टमेन्टमा उनको निधन भएको हो । मृत्युको कारण हृदयघात भएको बताइएको छ ।

गायक तामाङको निधनसँगै दार्जीलिङवासीलगायत संसारभर रहेका नेपालीभाषी यतिबेला निःशब्द छ । सन् २००७ मा भारतीय टिभी रियालिटी शो इण्डियन आइडलको तेस्रो सिजनको ग्राण्ड फिनालेमा गायक तामाङ नेपाली भाषीबीच लोकप्रिय भएका थिए । साथै, उनले गायन क्षेत्रमामात्रै नभई नेपाली चलचित्रमासमेत आफ्नो अभिनयमार्फत राम्रो छाप छोडेका थिए । उनको गायनसँगै अभिनयसमेत दर्शकले मन पराएका थिए ।

'हिम्मत-२' बाट नेपाली चलचित्रमा पार्श्वगायकका रूपमा प्रवेश गरेका प्रशान्तले 'गोर्खा पल्टन' चलचित्रमा अभिनय गरेर अझै लोकप्रियता कमाएका थिए । उनको अभिनय यात्रा यसै चलचित्रबाट सुरु भएको थियो । अभिनेत्री केकी अधिकारीले सामाजिक सञ्जाल फेसबुकमार्फत गायक तामाङ काम गर्दाको क्षण अविष्मरणीय रहेको लेख्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेकी छन् । उनका अनुसार सन् २०१० देखि २०११ को समयमा तामाङको स्वरले सजिएको गीत 'मनसाइली' मा अभिनय गर्दा निकै अमूल्य पलहरू सँगालेको स्मरण गरिन् । साथै, परदेशी-२ मा उनीसँगै काम गर्दाका सम्झनाहरू, मुस्कान जीवन्त रहेको बताइन् ।

अभिनेत्री दिपाश्री निरौलाले तामाङलाई भावपूर्वक सम्झँदै पुराना तस्बिर फेसबुकमा सार्वजनिक गरेकी छन् । गायन, अभिनयमात्रै नभई तामाङको मित्रवत् व्यवहारको उनले प्रशंसा गरेकी छन् । 'गोर्खा पल्टन', 'परदेशी', 'परदेशी-२' मा नारायण रायमाझीको निर्देशनमा तामाङले चलचित्र अभिनय गरेका थिए ।

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**Date of publication: 2082-09-28 (12th Jan, 2026)**

यस कार्यालयबाट मिति २०८२/०८/०४ मा **www.bolpatra.gov.np/egp** मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| IFB No. | Description of Work | Bidder Selected | Amount | Remarks Including VAT |
|---|---|---|---|---|
| 09/NCB/WORKS/ DWS/KPLRM/ 2082-83 | Construction of Thameteng water supply | M.K Nirman Sewa | 2380874.07 | Including VAT |
| 11/NCB/WORKS/ BLDG/KPLRM/ 2082-83 | Renovation of MRF in Namche | M.K Nirman Sewa | 3602098.64 | Including VAT |
| 17/NCB/GOODS/ OFC/KPLRM/ 2082-83 | Procurement of Stationery and various office goods in KPLRM | A.N.S Enterprises Pvt. Ltd | 2427414.02 | Including VAT |

**Chief Administrative Officer**

## Invitation for Bids

## Road Division, Bhaktapur

**(Notice No: DROBKT/07/082/083)**

**Date of Publication: 2082/09/28(12 January, 2026)**

1. Road Division Bhaktapur invites National Competitive Bidding for the following Works from all eligible bidders.

| IFB NO. | Contract Identification | Description Of Works | Estimated Amount (Without VAT) | Bid Security Amount | Bid document fee | Remarks |
|---|---|---|---|---|---|---|
| DROBKT/07/ 082/083/17 | SRCTIP-DOR-WPM-RDBKT-NCB-48 | Periodic maintenance of a) Panchkhal Dhad Khola Road (0+000 to 10+660) b) Trolly bus (ARM) - Suryabinayak-Chamelidanda Road (1+100 to 2+300),Total Length=11.86 km | 27,00,000/- | 10000/- | | Bid Opening Date 2082/10/28 13:00 hrs |
| DROBKT/07/ 082/083/18 | DROBKT/ 337011694/ 082/083/18 | Upgrading Works (Culvert and Causeway) along Chayamasingh- Nala-Banepa Road | 1,71,72,978.64 | 4,90,000/- | 3000/- | |
| DROBKT/07/ 082/083/19 | DROBKT/ 337310113/ 082/083/19 | Road Upgrading Works Along Shallaghari-Byasi-Kamalbinayak- Army Camp-Nagarkot Road | 42,81,659.77 | 1,23,000/- | 3000/- | |

2. Bidders may obtain further information at the office Name: Road Division Bhaktapur mailing address: droadbhaktapur@gmail.com Telephone: 01-6612074 or may visit PPMO's e-procurement website: www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Division Chief**


## साउदीमा रोजगार

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL-JERAISY RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 336777 | चलानी नं. ६०२५०४३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 1000 | ३८,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ६ गते (20th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९७१/०६७/०६८

**Reliance Recruitment Services Pvt. Ltd.**

Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763, Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## मलेसियामा रोजगार

कम्पनी : NB FARMING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ | LT. No. 332207 | चलानी नं. ६०२४५८८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farming Worker | 15 | 0 | 1700 | ५७,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ५ गते (19th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**MINAWA RECRUITMENT H.R. PVT LTD**

Govt.Lic. No- 1168/073/074

Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511

E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## युएइमा रोजगार

कम्पनी : REFINE GENERAL CONTRACTING & MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ | LT. No. 312633 | चलानी नं. ६०२२७०२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asphalt Roofing Worker | 5 | 0 | 1200 | ४७,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer | 9 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 3 | Building Labour | 8 | 0 | 800 | ३१,३९० | | | | | | | |
| 4 | Ceiling Workers | 5 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 5 | Electrician. | 4 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 6 | House-builder | 5 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 7 | Tile Layer | 5 | 0 | 1200 | ४७,०९० | | | | | | | |

कम्पनी : TECHNOMARS GENERAL CONTRACTING L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ | LT. No. 304963 | चलानी नं. ६०२१९९१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 2500 | ९८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asphalt Roofer | 5 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 3 | Ceiling Fixer | 4 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 4 | Demolition Labourer | 3 | 0 | 900 | ३५,३१५ | | | | | | | |
| 5 | Electrician | 2 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 6 | House Builder | 5 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 7 | Sewage Pipe Layer | 2 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 8 | Stone Mason | 2 | 0 | 1200 | ४७,०९० | | | | | | | |
| 9 | Telecommunication Assistant | 1 | 0 | 1500 | ५८,८६० | | | | | | | |
| 10 | Tile Layer | 3 | 0 | 1200 | ४७,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ५ गते (19th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**MBK OVERSEAS PVT. LTD.**

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np, Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343, 9842716845, 9815933303

श्रम इजाजत नं. ५४२/०६१/०६२



## साउदीमा रोजगार

कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ | LT. No. 325959 | चलानी नं. ६०२३९८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 83 | 900 | ३५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 100 | 0 | 900 | ३५,३१५ | | | | | | | |

कम्पनी : HAYATT SWIMMING POOLS MAINTENANCE. L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ | LT. No. 315334 | चलानी नं. ६०२२९७५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 900 | ३५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२७ | LT. No. 319839 | चलानी नं. ६०२३४१५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 35 | 0 | 900 | ३५,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ ५ गते (19th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Govt. License 1518/074/075

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



भारतको अमृतसरमा फसल पर्व मकर संक्रान्ति र लोहरी अगाडिको उत्सवमा महिलाहरू चंगा उडाउँदै । *तस्बिरः एएफपी*

# अमेरिकी सम्झौता अनिश्चित बन्दा भारतको वैकल्पिक बजार खोजी



**मुम्बई–** अमेरिकासँगको व्यापार सम्झौता अनिश्चित बनेपछि भारतले निर्यातकहरूका लागि नयाँ बजार खोल्ने र कडा अमेरिकी शुल्कको प्रभाव न्यूनीकरण गर्ने उद्देश्यले आक्रामकरूपमा वैकल्पिक व्यापार सम्झौताहरू खोजिरहेको छ । वासिङ्टनसँग सम्झौता सुरक्षित गर्ने प्रयासहरू हालसम्म अधुरै रहेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले कर ५० प्रतिशतसम्म बढाएपछि गत अगस्टमा वासिङ्टन र नयाँदिल्लीबीचको सम्बन्ध चिसिएको थियो । यसले रोजगारी गुम्ने जोखिममात्र नबढाई, भारतको उत्पादन र निर्यातको प्रमुख केन्द्र बन्ने दीर्घकालीन महत्त्वाकांक्षामा पनि धक्का पुऱ्याएको विज्ञहरूले बताउँदै आएका छन् । यही दबाबका कारण भारत आफ्नो सबैभन्दा ठूलो बजार बाहिर द्रुत रूपमा विविधीकरणतर्फ उन्मुख भएको विश्लेषकहरूको धारणा छ ।

भारतले गत वर्ष चारवटा व्यापार सम्झौतामा हस्ताक्षर गरेको वा कार्यान्वयन अघि बढाएको थियो, जसमा बेलायतसँगको एक प्रमुख सम्झौता पनि समावेश छ । यो वर्षहरूमा देखिएको सबैभन्दा तीव्र गतिविधि मानिएको छ । साथै, युरोपेली संघ (इयू), युरेसियन इकोनोमिक युनियन, मेक्सिको, चिली तथा दक्षिण अमेरिकी मर्कोसुर व्यापार समूहसँग नयाँ सम्झौता वा विद्यमान सम्झौता विस्तारका लागि वार्ता भइरहेको छ ।

नयाँदिल्लीस्थित ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभका अजय श्रीवास्तवका अनुसार यी प्रयास सफल भए भारतले 'लगभग हरेक प्रमुख अर्थतन्त्र' सँग व्यापार व्यवस्था गर्ने छ । उनले सन् २०२५ लाई व्यापार सम्झौताका लागि अत्यन्त सक्रिय वर्षमध्ये एक भएको उल्लेख गर्दै यसलाई वासिङ्टनबाट पूर्णरूपमा टाढा हुनेभन्दा पनि जोखिम फैलाउने रणनीति भएको बताए । रुसबाट तेल खरिद रोक्न अमेरिकाले लगाएको दण्डात्मक शुल्कले पनि भारतलाई अन्य बजार विस्तारतर्फ प्रेरित गरेको छ । व्यापार अर्थशास्त्री विश्वजित धरले यो रणनीति ट्रम्प प्रशासनका कदमहरूको प्रत्यक्ष प्रतिक्रिया भएको र भारतका लागि आफ्नो गन्तव्य विस्तार गर्नु अनिवार्य भइसकेको टिप्पणी गरे ।

यस्ता सम्झौताहरूले करबाट प्रभावित श्रम-गहन क्षेत्रलाई राहत दिने अपेक्षा गरिएको छ । भारतको परिधान निर्यात प्रवर्द्धन परिषद्का अनुसार बेलायतसँगको सम्झौताले आगामी तीन वर्षमा त्यहाँको कपडा निर्यात दोब्बर बनाउन मद्दत गर्ने छ । सम्भावित इयूसँगको सम्झौताबाट अझ ठूलो लाभ हुने अपेक्षा छ । यद्यपि, सन् २०२५ को अन्त्यसम्म वार्ता टुंग्याउने समयसीमा चुके पनि भारतीय वार्ताकारहरू आशावादी छन् ।

यसैबीच, जर्मन चान्सलर फ्रेडरिक मेर्जले भारत भ्रमण गरी प्रधानमन्त्री नरेन्द्र मोदीसँग व्यापार र लगानी सहयोग बढाउने विषयमा छलफल गर्ने कार्यक्रम तय भएको छ । साना सम्झौताहरू पनि रणनीतिकरूपमा महत्त्वपूर्ण ठानिएका छन् । ओमानसँगको पछिल्लो सम्झौताले मध्यपूर्व र अफ्रिका बजारतर्फ पहुँचको ढोका खोल्ने विश्लेषकहरूको भनाइ छ । न्युजिल्याण्डसँगको स्वतन्त्र व्यापार सम्झौताले निर्यात वृद्धिमा सीमित योगदान दिए पनि ठूलो परिमाणमा विदेशी लगानी भित्र्याएको र भारत सम्झौता गर्न इच्छुक छ भन्ने सन्देश दिएको बताइएको छ ।

यद्यपि, केही कृषि उत्पादनमा छुटका कारण किसानहरूमा चिन्ता देखिएको छ । अक्टोबरको गिरावटपछि नोभेम्बर २०२५ मा भारतको सामान निर्यात १९ प्रतिशतले बढेको तथ्यांक छ । इलेक्ट्रोनिक्स र समुद्री उत्पादन निर्यातले यसमा योगदान दिएका छन् । इयू र चीनतर्फ निर्यात बढेको निर्यातक संघका प्रतिनिधिहरूले जनाएका छन् । *रासस/एएफपी*

# इरानमा सरकारविरोधी आन्दोलन तीव्र



**दुबई/पेरिस–** इरानको इस्लामिक गणतन्त्रलाई प्रत्यक्ष चुनौती दिने राष्ट्रव्यापी विरोध प्रदर्शन दोस्रो हप्ता प्रवेश गर्दा हिंसात्मक दमनका कारण मृतकको संख्या कम्तीमा ११६ पुगेको मानवअधिकार कार्यकर्ताहरूले जनाएका छन् । इन्टरनेट र फोन सेवा अवरुद्ध गरिएको अवस्थामा पनि आइतबारसम्म राजधानी तेहरानसहित देशका ठूला सहरका सडकहरू प्रदर्शनकारीले भरिएका छन् ।

अमेरिकास्थित मानवअधिकार निगरानी संस्थाका अनुसार प्रदर्शनसँग सम्बन्धित हिंसामा १०० भन्दा बढीको ज्यान गएको छ भने झण्डै दुई हजार ६०० जनालाई हिरासतमा लिइएको छ । इरानले इन्टरनेट पूर्णरूपमा बन्द गरेपछि घटनाको वास्तविक विवरण संकलन गर्न कठिन भएको छ । नेटब्लक्सजस्ता अनुगमन संस्थाहरूले बिहीबारदेखि देशमा झण्डै कुनै पनि इन्टरनेट कनेक्टिभिटी नदेखिएको बताएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी अधिकारीहरूलाई चेतावनी दिँदै शान्तिपूर्ण प्रदर्शनकारीमाथि दमन भए 'ठूलो समस्या' हुने बताएका छन् । सामाजिक सञ्जालमा उनले 'इरानका जनता अहिले स्वतन्त्रता पाउने निकै नजिक पुगेका छन्, यस्तो अवस्था पहिले कहिल्यै आएको थिएन, यदि आवश्यक पऱ्यो भने अमेरिका उनीहरूलाई सहयोग गर्न तयार छ' भन्दै अमेरिका सहयोग गर्न तयार रहेको उल्लेख गरे । अमेरिकी सञ्चारमाध्यमहरूका अनुसार राष्ट्रपति ट्रम्पलाई इरानमाथि सम्भावित सैन्य कारबाहीका विकल्पबारे जानकारी दिइएको भए पनि अन्तिम निर्णय भएको छैन ।

इन्टरनेट अवरोधका बीच पनि सामाजिक सञ्जाल र विदेशस्थित फारसी भाषी टेलिभिजनमार्फत बाहिरिएका भिडियोहरूमा उत्तरी तेहरानको पुनाक क्षेत्रमा प्रदर्शनकारीहरू भेला भएको देखिन्छ । उनीहरूले मोबाइल फोनको उज्यालो बाल्दै नारा लगाएका छन्, भाँडाकुँडा बजाएका छन् र कतिपय स्थानमा आतशबाजी गरिएको छ । अन्य दृश्यहरूमा मानिसहरू शान्तिपूर्णरूपमा सडकमा मार्च गरिरहेका छन् भने कतै कारहरूले समर्थनमा हर्न बजाएका छन् ।

इरानको दोस्रो ठूलो सहर मशहदमा सुरक्षा बल र प्रदर्शनकारीबीच आमनेसामने भएको दृश्यहरू देखिएका छन् । सडकमा जलिरहेको भग्नावशेष र डम्पस्टरले बाटो अवरुद्ध गरिएको छ । मशहद शिया इस्लामको पवित्र इमाम रेजा दरगाह रहेको सहर भएकाले त्यहाँको विरोध प्रदर्शनलाई इस्लामिक गणतन्त्रका लागि विशेष संवेदनशील मानिएको छ । दक्षिणपूर्वी सहर केरमान, उत्तरको तब्रिज, पवित्र सहर कोम र पश्चिमी हामेदानमा पनि ठूला प्रदर्शनहरू भएको रिपोर्ट आएका छन् ।

इरानी राज्य टेलिभिजनले भने आइतबार धेरै सहरका शान्त क्षेत्र देखाउने प्रयास गरेको छ र सरकार समर्थक जुलुसहरू प्रसारण गरेको छ । तर तेहरान र मशहदका दृश्यहरू समेटिएका छैनन् । सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले शुक्रबार एक कडा भाषणमा प्रदर्शनलाई बाह्य शक्तिद्वारा उक्साइएको भन्दै अमेरिकी चेतावनीको अवज्ञा गरेका छन् । यसैबीच, इरानका महान्यायाधिवक्ता मोहम्मद मोभेदी आजादले विरोध प्रदर्शनमा सहभागीलाई 'भगवान्‌को सत्रु' ठहरिने र मृत्युदण्डसम्मको अभियोग लाग्न सक्ने चेतावनी दिएका छन् ।

एम्नेस्टी इन्टरनेसनल र अन्य अधिकार समूहहरूले सुरक्षा बलले प्रदर्शनकारीविरुद्ध अत्यधिक र घातक बल प्रयोग गरेको गम्भीर आरोप लगाएका छन् । नर्वेस्थित इरान मानवअधिकार समूहले मात्रै हालसम्म कम्तीमा ५१ जनाको मृत्यु पुष्टि भएको र वास्तविक संख्या अझ बढी हुनसक्ने जनाएको छ । उक्त समूहले पूर्वी तेहरानको एक अस्पतालमा गोली लागेर मारिएका व्यक्तिहरूको शव भएको तस्बिर सार्वजनिक गरेको छ ।

शुक्रबार तेहरानका विभिन्न क्षेत्रमा 'खामेनी मुर्दावाद' जस्ता सरकारविरोधी नारा गुञ्जिएका थिए । विदेशस्थित फारसी च्यानलहरूले राजधानीबाहेक मशहद, तब्रिज र कोमका ठूला विरोध प्रदर्शनका दृश्य प्रसारण गरेका छन् । पश्चिमी सहर हामेदानमा प्रदर्शनकारीले शाहकालीन सिंह र सूर्य अंकित झण्डा फहराएको देखिएको छ, जुन सन् १९७९ अघि शासन गरेको राजतन्त्रको प्रतीक हो । लण्डनस्थित इरानी दूतावासमाथि पनि केही समयका लागि यही झण्डा फहराइएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

इरानका निर्वासित युवराज रेजा पहलवीले प्रदर्शनकारीलाई सप्ताहन्तमा थप सशक्तरूपमा सडकमा उत्रिन आह्वान गरेका छन् । उनले सहरका केन्द्रहरू कब्जा गर्ने तयारी गर्न र पुराना राष्ट्रिय प्रतीक प्रयोग गरेर सार्वजनिक स्थानमा दाबी जमाउन आग्रह गरे । तर प्रदर्शनमा देखिएको राजतन्त्रसमर्थन पहलवीको नेतृत्व स्वीकार्ने संकेत हो वा केवल वर्तमान शासनविरुद्धको असन्तोष हो भन्ने स्पष्ट छैन ।

अधिकारीहरूले भने सुरक्षा बलका धेरै सदस्य पनि मारिएको बताएका छन् । राज्य टेलिभिजनले दक्षिणी सहर शिराजमा मारिएका सुरक्षाकर्मीहरूको अन्त्येष्टि दृश्य प्रसारण गरेको छ र मस्जिद तथा अन्य भवनमा आगजनी गरिएको तस्बिर देखाएको छ । इरानी सेनाले 'व्यवस्था र शान्ति भंग गर्न खोज्ने सत्रु' विरुद्ध राष्ट्रिय हितको दृढतापूर्वक रक्षा गर्ने चेतावनी दिएको छ । युरोपेली संघ (इयू) की प्रमुख उर्सुला भोन डेर लेयनले इरानी जनताको आन्दोलनप्रति समर्थन जनाउँदै प्रदर्शनकारीमाथिको हिंसात्मक दमनको निन्दा गरेका छन् । विश्वका अन्य नेताहरूले पनि इरानी अधिकारीहरूलाई संयम अपनाउन आग्रह गरेका छन् ।

डिसेम्बर २८ मा इरानी रियालको तीव्र अवमूल्यनपछि सुरु भएको यो आन्दोलन अन्तर्राष्ट्रिय प्रतिबन्ध, आर्थिक संकट र बेरोजगारीप्रतिको असन्तोषबाट जन्मिएको हो । अहिले यो आन्दोलनले प्रत्यक्ष रूपमा इरानको इस्लामिक शासनलाई चुनौती दिँदै ऐतिहासिक मोड लिएको विश्लेषकहरूको धारणा छ । *रासस/एपी/एएफपी*

# ड्रोन आरोपमा सियोलसँग उत्तर कोरियाले माग्यो स्पष्टीकरण

**सियोल–** उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ-उनकी प्रभावशाली बहिनी किम यो जोङले आफ्नो देशको हवाई क्षेत्र उल्लंघन भएको दाबी गर्दै दक्षिण कोरियासँग विस्तृत 'स्पष्टीकरण' माग गरेका छन् । उनले दक्षिण कोरियाबाट उडेको भनिएको ड्रोन उत्तर कोरियाली भूभागमा प्रवेश गरेको आरोप लगाएका हुन् ।

उत्तर कोरियाले शनिबार जनवरीको सुरुमा दक्षिण कोरियाको सीमावर्ती काउन्टी गाङवाबाट उडेको एक मानवरहित हवाई यान उत्तर कोरियाली सहर केसोङमा प्रवेश गरेको र गोली हानेर खसालिएको दाबी गर्दै त्यसका भग्नावशेषका तस्बिर सार्वजनिक गरेको थियो । तर सियोलले यो आरोप अस्वीकार गर्दै आफ्नो रक्षा मन्त्रालयमार्फत उक्त ड्रोन दक्षिण कोरियाली सेनाले प्रयोग गर्ने मोडेल नभएको स्पष्ट पारेको छ ।

राज्यद्वारा सञ्चालित कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार किम यो जोङले दक्षिण कोरियाको आधिकारिक नाम प्रयोग गर्दै 'सौभाग्यवश, दक्षिण कोरियाली सेनाले यो आफैंले गरेको होइन र हामीलाई भड्काउने वा रिसाउने कुनै उद्देश्य नभएको आधिकारिक धारणा सार्वजनिक गरेको छ' भने । तर उनले 'हाम्रो गणतन्त्रको दक्षिणी सीमा पार गरेको ड्रोनको वास्तविक घटनाबारे विस्तृत व्याख्या गरिनुपर्छ' भन्ने माग गरे ।

उत्तर कोरियाको आरोपको जवाफमा दक्षिण कोरियाली सेनाले आफ्नो प्रारम्भिक अनुसन्धानले उक्त समयमा कुनै पनि मानवरहित हवाई यान सञ्चालन नगरिएको र प्रश्नमा उठाइएको वस्तु ड्रोन नै नभएको निष्कर्ष निकालेको जनाएको छ । राष्ट्रपति ली जे म्युङले यस घटनाबारे संयुक्त सैन्य-प्रहरी अनुसन्धान टोलीमार्फत 'छिटो र कडा अनुसन्धान' गर्न निर्देशन दिएका छन् ।

यदि कुनै सर्वसाधारणले ड्रोन सञ्चालन गरेको प्रमाण भेटिएमा त्यसलाई गम्भीर अपराध मानिने भन्दै राष्ट्रपति लीले यसले कोरियाली प्रायद्वीपको शान्ति र राष्ट्रिय सुरक्षामा खतरा पुऱ्याउने चेतावनी दिएका छन् । तर किम यो जोङले उक्त ड्रोन सैन्य हो वा नागरिक भन्ने कुरामा आफूलाई चासो नभएको भन्दै 'त्यो हामी जान्न खोजेको मुख्य विषय होइन' भने ।

उनले 'स्पष्टरूपमा आरओकेबाट आएको ड्रोनले हाम्रो देशको हवाई क्षेत्र उल्लंघन गरेको छ' भन्दै दक्षिण कोरियाप्रति कडा शब्द प्रयोग गरे । किम यो जोङको यस वक्तव्यलाई विश्लेषकहरूले प्योङयाङले यस घटनालाई सैन्यभन्दा बढी कूटनीतिक मुद्दाका रूपमा अगाडि बढाउन खोजेको संकेतका रूपमा हेरेका छन् । कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनका अनुसार किम यो जोङको भनाइले तत्काल सैन्य तनाव बढाउने इरादा नरहेको देखाउँछ, तर स्पष्टीकरणको मागले कूटनीतिक दबाब बढाउने सम्भावना जनाउँछ ।

यो नयाँ ड्रोन विवाद दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक येओलविरुद्ध चलिरहेको मुद्दाको पृष्ठभूमिमा आएको हो । उनमाथि प्योङयाङको प्रतिक्रिया उक्साउने उद्देश्यले अवैध रूपमा ड्रोन सञ्चालनको आदेश दिएको आरोप लागेको छ । युनलाई गत वर्ष अप्रिलमा मार्सल ल लागू गर्ने प्रयासका कारण महाभियोग लगाई पदबाट हटाइएको थियो । *रासस/एएफपी*


**Kalinchok Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Sunkhani, Dolakha**

**Bagmati Pradesh Nepal**

**Invitation for Bids**

**First Date of publication : 2082.09.28 (12 January 2026)**

1. Eligible Bidders may obtain the the Bidding Documents at the office of Kalinchok Rural Municipality,Office of the Rural Municipal Executive,Sunkhani , Dolakha or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Name of project | Contract No. | Estimated amount excluding Vat and PS (Rs) | Bid Security Amount, NRs. | Bid purchase amount amount, NRs. | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1. | Khanepani Aayojana Ward No. 3,4 | KRM/NCB/ WORKS/DOLAKHA/ 12/2082/083 | 42,62,893.61 | 1,44,000.00 | 3,000.00 | 13thFeb 2026 at 2:00 PM |
| 2. | Namathali-Golmathan Khanepani | KRM/SQB/ WORKS/DOLAKHA/ 11/2082-083 | 9,00,633.10 | 27000.00 | 1000.00 | 27thJan 2026 at 2:00 PM |

For further information :– website : kalinchowkmun.gov.np

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - २७०६०० | प्रति तोला - ० | प्रति तोला - ४९९० |



**बरफले ढाकिएको लुङबुक गुफा** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-५ स्थित सेताम्मे बरफले ढाकिएको लुङबुक गुफा । बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र यो गुफामा १५औं शताब्दीमा गुरु पद्मसम्भवले ध्यान गरेको किंवदन्ती रहेको छ । *तस्बिर: रासस*

# पोखरामा सूचना-प्रविधि र 'स्टार्टअप' मेला

■ प्रभव संवाददाता

**कास्की-** गण्डकी प्रदेशको राजधानी पोखरामा सूचना-प्रविधि तथा 'स्टार्टअप' व्यवसाय प्रदर्शनी हुने भएको छ । नवप्रवर्तनमार्फत रोजगारी सिर्जना र बेरोजगारी अन्त्यका लागि युवापुस्ताका उद्यमीबाट उत्पादित प्रविधि तथा व्यवसाय प्रदर्शनका लागि मेला आयोजना गर्न लागिएको हो ।

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय युवा परिषद्ले पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा आगामी माघ अन्तिम साता प्रदर्शनी आयोजना गर्दै छ । मेलामा गण्डकी प्रदेशभित्रबाट छानिएका १५ नवीन सोचमा आधारित उद्यम, वस्तु तथा सेवा वा प्रक्रियामा नवप्रवर्तनसँग सम्बन्धित व्यवसायको प्रदर्शनी गरिने छ ।

सो प्रदर्शनी प्रतिस्पर्धात्मक हुने र पहिलो हुनेले ४० हजार रूपैयाँ, द्वितीयले ३० हजार रूपैयाँ र तृतीय हुनेले २० हजार रूपैयाँ पुरस्कार प्राप्त गर्ने राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमले जानकारी दिए । 'प्रदर्शनीमा सहभागी हुन चाहनेले अनलाइन फाराम भर्नुपर्ने छ । तीमध्ये छानिएकालाई मेलामा सहभागी गराइने, आवेदकको उमेर ४० वर्ष ननाघेको, उद्योग/व्यवसाय सञ्चालन गरेको १० वर्षभन्दा बढी नभएको तथा सरकारी कार्यालयमा दर्ता भएको एवं वार्षिक कारोबार १५ करोड रूपैयाँभन्दा बढी नभएको हुनुपर्ने छ,' उनले भने ।

पोखराबाट सुरु गरिने यो प्रदर्शनी देशका सातवटै प्रदेशमा आयोजना गरिने छ भने अन्तिममा काठमाडौंमा हुने बृहत् प्रतिस्पर्धात्मक प्रदर्शनीमासमेत प्रदेशमा उत्कृष्ट रहेकालाई सामेल गरिने परिषद्ले जनाएको छ । प्रदर्शनीको तयारीको सन्दर्भमा युवा परिषद्ले पोखरामा अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न गरेको छ । कास्कीसहित स्यांजा, बागलुङ, तनहुँ र पर्वतका उद्योगी/व्यवसायीको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रममा उद्यमशीलता विकास विज्ञ इञ्जिनियर रमेश सुवेदीले नवप्रवर्तनमार्फत रोजगारी सिर्जना र युवा पलायन रोक्नका लागि मेला आयोजना गरिएको बताए ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले युवापुस्ताको पलायन रोकियोस्, देशमै रोजगारी सिर्जना होस् भन्ने निजी क्षेत्रको चाहना रहेको बताए । 'गत भदौमा भएको जेन-जी आन्दोलनका क्रममा उद्योगी/व्यवसायीमाथि भएको आक्रमणका कारण निजी क्षेत्र हतोत्साही बनेको अवस्थामा यस्ता प्रदर्शनीले युवापुस्तालाई प्रोत्साहित गर्नेछ,' उनले भने ।

# तरूल र सखरखण्डको माग उच्च

■ दामोदर खनाल

**बुटवल-** माघे संक्रान्ति नजिकिएसँगै रूपन्देहीको बुटवल, भैरहवालगायतका हाटबजारमा तरूल र सखरखण्ड (गञ्जी) को व्यापार बढेको छ । संक्रान्तिका लागि तरूल र सखरखण्डको माग उच्च हुँदा व्यवसायीहरू उत्साहित बनेका छन् ।

माघे संक्रान्तिका अवसरमा तरूल सखरखण्ड, चाकु खाने प्रचलनले गर्दा यस क्षेत्रका हाटबजारमा माग बढेको हो । माघी पर्वका कारण बजारमा विभिन्न ठाउँबाट वन र घर तरूल भित्रिएको छ । बुटवल, मणिग्राम, भैरहवाका तरकारी थोक बजारमासमेत भारतबाट प्रशस्त मात्रामा सखरखण्ड भित्रिएको छ ।

बुटवलको हाटबजारमा पहाडी जिल्लाहरू पाल्पा, गुल्मी, स्याङ्जा, अर्घाखाँचीलगायतबाट वन तथा घर तरूल र सखरखण्ड बिक्रीका लागि भित्रिएको व्यवसायी बताउँछन् । यतिबेला बुटवल हाटबजारमा तरूल र सखरखण्ड लिनेहरूको पनि भीडभाड देखिन्छ । व्यापारीहरू पनि माघे संक्रान्तिले गर्दा तरूल र सखरखण्डको व्यापार अन्य तरकारी फलफूलको तुलनामा राम्रो भएको बताउँछन् ।

विगत १८ बर्षदेखि पाल्पा सत्यवतिबाट बुटवल हाटबजारमा तरकारी बेच्दै आएकी विमला सारूले चिसोमा खासै व्यापार नभए पनि सिजनको फल तरूलको बिक्री राम्रो भएको बताइन् । अर्का व्यवसायी योग सुनारले पनि तरूल र सखरखण्डको व्यापार केही राम्रो भएको बताए । बजारमा तरूलको



प्रतिकिलो मूल्य गुणस्तर अनुसार १५० देखि ३०० रूपैयाँसम्म छ । सखरखण्डको मूल्य प्रतिकेजी ८० रूपैयाँदेखि १५० रूपैयाँसम्म रहेको छ । जाडोका कारण अन्य तरकारी फलफूलको व्यापार कम भएको अवस्थामा तरुलको व्यापारले धानेको व्यापारी इन्द्र नेपालीले बताए ।

यहाँका बजारमा आलु, काउली, बन्दा, गाजर, टमाटर, मुला, सिमीलगायतका तरकारीको भाउ बिगत बर्षको तुलनामा घटेको छैन । बजारमा एउटै बस्तुको मूल्यमा पनि एकरूपता नभएको उपभोक्ताको गुनासो छ । तरकारीको भाउमा मनपरि भए पनि अनुगमन भएको पाइँदैन । बजार अनुगमन गर्ने निकाय क्रियाशील नहुँदा मूल्यमा निकै ठगिनुपरेको उपभोक्ताहरूको गुनासो छ ।

# सिद्धार्थ बैंकको सिइओमा बस्याल नियुक्त

**काठमाडौं (प्रस)-** सिद्धार्थ बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा रामेश्वरप्रसाद बस्याल नियुक्त भएका छन् । बैंकको सञ्चालक समितिले उनलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गर्ने निर्णय गरेको हो । बस्यालको नियुक्ति यही पुस २५ गतेदेखि लागू भएको बैंकले जानकारी दिएको छ ।

बैंकिङ क्षेत्रमा करिब ३६ वर्षको अनुभव हासिल गरेका बस्यालले सन् १९८९ देखि २००५ सम्म नबिल बैंक लिमिटेडमा विभिन्न जिम्मेवार पदहरूमा काम गरेका थिए । सन् २००५ देखि सिद्धार्थ बैंकमा आबद्ध भएका उनले प्रबन्धक, वरिष्ठ प्रबन्धक, सहायक महाप्रबन्धक, नायव महाप्रबन्धक, सहायक



प्रमुख कार्यकारी अधिकृत तथा नायव प्रमुख कार्यकारी अधिकृतको रूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका थिए ।

बस्यालले विगत ३६ वर्षको बैंकिङ कार्यकालमा विभिन्न भूमिकामा रही समग्र बैंक सञ्चालनसम्बन्धी व्यापक अनुभव प्राप्त गरेको बंकले जनाएको छ । यस क्रममा मूलतः बजार व्यवस्था, कर्जा लगानी तथा जोखिम व्यवस्थापन क्षेत्रमा उनको विशेष योगदान रहेको बैंकले उल्लेख गरेको छ । संस्थागत सुशासनलाई केन्द्रमा राखेर बैंकिङ गर्नुपर्छ भन्ने धारणा बोकेका बस्यालको नेतृत्वमा बैंकले दिगो वृद्धि, ग्राहक सेवा उत्कृष्टता तथा संस्थागत सुदृढीकरण थप मजबुत हुने विश्वास बैंकले लिएको छ ।

# मापदण्डविपरीतका संरचना नहट्दा सडक विस्तारमा समस्या

■ राम थापा

**गण्डकी-** सडकको अधिकार क्षेत्रभित्रका संरचना नहट्दा पोखरा-मुग्लिन सडक विस्तारमा समस्या भएको छ । मापदण्डविपरीतका घर, विद्युत्का खम्बा र खानेपानी पाइप स्थानान्तरणमा ढिलाइ हुँदा सडक विस्तार तथा स्तरोन्नति कार्य प्रभावित भएको सडक आयोजना कार्यालयले जनाएको छ ।

पोखरा-मुग्लिन सडकको पश्चिम खण्डका प्रमुख इञ्जिनियर कृष्णबहादुर कुँवरले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका ४२ सहित ५२ विद्युतीय खम्बा सार्न बाँकी रहेको बताए । 'सडक क्षेत्रभित्र पर्ने खानेपानी पाइप स्थानान्तरणको काम पनि सुस्त गतिमा भइरहेको छ, रुख कटान गरिएका ठाउँमा लिलामी हुन सकेको छैन,' उनले भने, 'पोखरा महानगरपालिका-१० सेती पुलको आडमा रहेका मापदण्डविपरीतका तीन घर पनि हटाउन बाँकी छ ।'

नेपाल विद्युत् प्राधिकरणले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा विद्युतीय तार भूमिगत गरिसके पनि खम्बा भने अझै नहटाएको इञ्जिनियर कुँवरले बताए । 'कुँडहरदेखि विमानस्थलको प्रवेशद्वारसम्म रहेका विद्युत्का खम्बा नहट्दा सडक निर्माणमा अवरोध सिर्जना भएको छ, खम्बा छिटो हटाउन प्राधिकरण र विमानस्थललाई अनुरोध गरेका छौं,' उनले भने ।



पोखरा-१० मा रहेका मगर संघको भवनलगायत मापदण्डविपरीत रहेका संरचना हटाउने निर्णय भइसके पनि कार्यान्वयनमा ढिलाइ भएको इञ्जिनियर कुँवरले बताए । सडकको अधिकार क्षेत्रभित्र पर्ने घरटहारा हटाउँदा आयोजना कार्यालयले क्षतिपूर्ति दिने उनको भनाइ छ । महानगरपालिकाले तीन वर्षअघि सडक क्षेत्रभित्र पर्ने अनाधिकृत संरचना हटाउने अभियान सुरु गरे पनि कतिपय संरचना नहट्दा सडक निर्माणमा समस्या भएको हो । इञ्जिनियर कुँवरले मापदण्डविपरीतका संरचना चाँडो हटाउन, विद्युत् खम्बा, खानेपानी, कटान गरिएका रुख आदिलाई स्थानान्तरण गर्न सम्बन्धित निकायमा ताकेता गरिएको बताए ।

सडक आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)को निर्माण चालु आवभित्र सक्ने लक्ष्य लिइएकाले मापदण्डविपरीतका संरचना छिटो हटाउनुपर्ने उनको भनाइ छ । उक्त सडकको ठेक्का अवधि तेस्रोपटक थप भई असार १५ गतेसम्म कायम भएको छ । हालसम्म सडकको भौतिक प्रगति ७४.४८ र वित्तिय प्रगति ५५.१२ प्रतिशत पुगेको छ । इञ्जिनियर कुँवरका अनुसार कूल ३८.८८ किलोमिटर दूरीको उक्त सडकखण्डमा हालसम्म ३७.२२ किलोमिटरमा पहिलो तहको र ३३.७९ किलोमिटरमा दोस्रो तहको कालोपत्र भइसकेको छ । यस्तै ५९.७५ किलोमिटर नाली, १०५ कल्भर्ट र १२ पुल बनिसकेको उनले जानकारी दिए ।

विजयपुर पुल क्षेत्रमा ४८० मिटर दूरीमा एकतर्फी कालोपत्र गर्न बाँकी रहेको उनको भनाइ छ । 'सडक विस्तार, नाली, कल्भर्ट निर्माणलगायत अधिकांश काम सकिएको छ,' इञ्जिनियर कुँवरले भने, 'चालु आवभित्र सडक निर्माण सकिन्छ, निर्माण कम्पनीले पनि पछिल्लो समय कामलाई गति दिएको छ ।'

२०७८ भदौदेखि निर्माण सुरु गरिएको यस खण्डमा निर्माण कम्पनीले समयमा काम नगरेपछि यही पुसमा तेस्रोपटक ठेक्काको म्याद थप भएको हो । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले उक्त खण्डमा सडक विस्तार एवं स्तरोन्नतिको काम गरिरहेको हो । तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इञ्जिनियर कुँवरले बताए । पश्चिम खण्डमा पर्ने १३ पुलमध्ये ११ पुल बनिसकेको र दुई पुल निर्माणाधीन अवस्थामा रहेको उनले जानकारी दिए ।

तनहुँको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला, सम्धीखोला, मूलखोला, फेदीखोला-१, फेदीखोला-२, रुदीखोला, हलेदीखोला, कालीखोला र कास्कीको कोत्रेखोलामा पुल निर्माण सकिएको हो । सडक ठेक्काअन्तर्गत कास्कीको विजयपुर र पुल ठेक्काअन्तर्गत सेती पुल निर्माणको चरणमा छ । झण्डै ५० वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको उक्त सडक एसियाली विकास बैंकको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो । *रासस*


## विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं ।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँगमात्र विज्ञापनको कारोबार गरौं ।
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं ।
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ